मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २४० • २०८२ साल श्रावण ०१ गते बिहीबार • Thursday 17, July 2025 • सूर्योदय: बिहान ५:२२ बजे • सूर्यास्त: साँझ ७:०१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## दुई विधेयक प्रमाणिकरण

**मधेशदृष्टि**
**धनुषा ।**
मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मधेश प्रदेशसभाबाट पारित भई प्रमाणिकरणका लागि प्रस्तुत भएका दुई विधेयक प्रमाणीकरण गरेकी छिन् ।

नेपालको संविधानको धारा २०१ को उपधारा २ अनुसार उनले 'मधेश प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक' र 'आर्थिक वर्ष २०८२–८३ का लागि मधेश प्रदेश सञ्चित कोषबाट रकम विनियोजन तथा खर्चसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण गरेकी हुन् ।

# बाराका पालिकाहरूको बेरुजु ६ अर्ब बढी

**अनिल पोखरेल**
**बारा ।**
महालेखा परीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन २०८०–८१ को अनुसार बाराका १६ पालिकामा ६ अर्ब ४० करोड ७५ लाख ८१ हजार रुपैयाँ बेरुजु देखिएको छ । १६ पालिकाको बेरुजु चाङ्को अग्रभागमा जीतपुर सिमरा उपमहानगरपालिका नगरपालिका छ भने बेरुजु ९० करोड रुपैयाँ भन्दा बढी छ । त्यस्तै, कोल्हवी नगरपालिका जीतपुरसिमरा उपमहानगरपालिकाकै हाराहारीमा ८५ करोड रुपैयाँ भन्दा बढी बेरुजुमा जीतपुर सिमराकै सहयात्री बनेको छ ।

| क्र.सं. | बाराका पालिकाहरू | अद्यावधिक बेरुजु |
|---|---|---|
| १. | कलैया उपमहानगरपालिका | ७३ करोड ५८ लाख ४० हजार रुपैयाँ |
| २. | जीतपुर सिमरा उपमहानगरपालिका | ९० करोड ३२ लाख ५६ हजार रुपैयाँ |
| ३. | कोल्हवी नगरपालिका | ८५ करोड ८ लाख ८२ हजार रुपैयाँ |
| ४. | पचरौता नगरपालिका | ३२ करोड १३ लाख ८२ हजार रुपैयाँ |
| ५. | निजगढ नगरपालिकाको | ७३ करोड ४१ लाख ५७ हजार रुपैयाँ |
| ६. | सिम्रौनगढ नगरपालिका | ५३ करोड ४७ लाख ८७ हजार रुपैयाँ |
| ७. | महागढीमाई नगरपालिका | ४१ करोड ७४ लाख ८६ हजार रुपैयाँ |
| ८. | सुवर्ण गाउँपालिका | ३२ करोड २५ लाख ७४ हजार रुपैयाँ |
| ९. | विश्रामपुर गाउँपालिका | १५ करोड ८२ लाख १८ हजार रुपैयाँ |
| १०. | बारागढी गाउँपालिका | १२ करोड ५८ लाख ३९ हजार रुपैयाँ |
| ११. | फेटा गाउँपालिका | ३२ करोड ५६ लाख १८ हजार रुपैयाँ |
| १२. | प्रसौनी गाउँपालिका | २१ करोड ६१ लाख ४५ हजार रुपैयाँ |
| १३. | परवानीपुर गाउँपालिका | ८ करोड १९ लाख २६ हजार रुपैयाँ |
| १४. | देवताल गाउँपालिका | १८ करोड ३४ लाख ९४ हजार रुपैयाँ |
| १५. | करैयामाई गाउँपालिका | २९ करोड ४९ लाख ६८ हजार रुपैयाँ |
| १६. | आदर्श कोटवाल गाउँपालिका | २० करोड १० लाख ९ हजार रुपैयाँ |
| | | जम्मा ६ अर्ब ४० करोड ७५ लाख ८१ हजार रुपैयाँ |

पालिकाले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, फर्म स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजु फर्स्यौट गर्ने व्यवस्था छ । सोही ऐनको दफा ८४ (२) (घ) बमोजिम बेरुजु फर्स्यौट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भए पनि कुनै पनि प्रमुख प्रशासकीय अधिकृतले बेरुजु असुल गर्न तदारुकता नदेखाएको महालेखाको प्रतिवेदनले पुष्टि गरेको छ । बाराका पालिकाहरुले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

पालिकाहरूको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनले औँल्याएको छ । धेरैजसो बेरुजु देखिएको रकमको शीर्षकमा प्रमाण कागजात पेस नगरेको, पेस्की बाँकी, असुल गर्नुपर्ने र नियमित गर्नुपर्नेलगायत छन् ।

कलैया उपमहानगरपालिकाको २ अर्ब ४१ करोड १९ लाख ३५ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा १३ करोड १ हजार रुपैयाँ बेरुजु देखिएको छ । पालिकाबाट प्रारम्भिक प्रतिवेदनउपर प्रतिक्रिया प्राप्त भएको छैन । यसवर्षको असुल गर्नुपर्ने १ करोड १३ लाख ३६ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ३ करोड ८ लाख ९९ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ७ करोड ६९ लाख ३९ हजार रुपैयाँ र पेस्की बाँकी १ करोड ८ लाख २७ हजार रुपैयाँसमेत १३ करोड १ हजार रुपैयाँ बेरुजु कायम भएको छ । गतवर्षसम्म ६० करोड ५८ लाख ३९ हजार रुपैयाँ बेरुजु रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् यसवर्ष कायम बेरुजुसमेत अद्यावधिक बेरुजु ७३ करोड ५८ लाख ४० हजार रुपैयाँ पुगेको छ ।

जीतपुर सिमरा उपमहानगरपालिकाको ३ अर्ब ६६ करोड ८६ लाख ९४ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा २२ करोड ६४ लाख

बाँकी पृष्ठ २ मा

# पोहोरको भन्दा करोडौँ कमको फर्म भरेपछि कवाडी टेन्डर रद्द




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले आर्थिक वर्ष २०८२–८३ का लागि सवारी व्यवस्थापन कर र कवाडी करको टेन्डर रद्द गरेको छ । महानगरको प्रारम्भिक अनुसन्धानमा प्रतिस्पर्धाका नाममा कृत्रिम फरक देखाएर मिलेमतोमा टेन्डर तय भएको पाइएपछि महानगर प्रमुख राजेशमान सिंहको निर्देशनमा टेन्डर प्रक्रिया खारेज गरिएको हो ।

सवारी कर संकलनको टेन्डरमा ३३ वटा फाराम बिक्री भए पनि केवल १३ जनाले आवेदन दिएपछि मिलेमतोको आशंका भएको थियो । सुसिम कन्स्ट्रक्सनले ३ करोड ५० लाख रुपैयाँमा कवाडीको टेन्डर हात पारेको थियो । कबाडीतर्फ ३० वटा फाराम बिक्री भए पनि केवल ३ आवेदन दर्ता भएका थिए । यस्तै सवारी करको ठेक्का अन्कित कन्स्ट्रक्सनले ३ करोड ५० लाख रुपैयाँमा पाएको थियो ।

गतवर्ष सवारी करतर्फ ६ करोड ७१ लाख रुपैयाँ र कवाडी करतर्फ ४ करोड ३० लाख रुपैयाम टेन्डर सम्झौता भएको थियो । तर, यस वर्ष सहभागीले २५–५० हजार रुपैयाँको सामान्य अन्तर देखाएर भागबन्डा गरेको चर्चासँगै आन्तरिक अनुसन्धानमा पुष्टि भएपछि महानगरले टेन्डर रद्द गरेको हो ।

टेण्डर खरिदकर्ताले केही जनप्रतिनीधि र नेताहरुसँगको मिलेमतोमा करिब २ करोड रुपैयाँ एकआपसमा भागबण्डा गरेर मिलेको पाइएको स्रोतको दाबी छ । तर टेण्डर रद्द भएसँगै उनीहरुको रकम कुम्ल्याउने सपना चकनाचुर भएको छ । महानगरका राजस्व प्रमुख मनोज कर्णकाअनुसार टेन्डरमा अस्वाभाविक मिलेमतो देखिएपछि प्रक्रिया रद्द गर्नुपरेको हो । अब खुला प्रतिस्पर्धाको माध्यमबाट नयाँ टेन्डर हुने कर्णले बताए । महानगरले नयाँ सूचना प्रकाशन गरी निष्पक्ष टेन्डर प्रक्रिया पुनः शुरु गरिसकेको छ । मंगलबार दिनभर टेन्डर खरिदकर्ताले महानगरका केही वडाअध्यक्ष र मेयर सिंहलाइ सम्झौता गर्न आग्रह, दबाब र धम्कीसमेत दिएका थिए ।

तर महानगरले टेन्डर रद्द गरेर करोडौँ राजस्व जोगाएको छ भने मिलेमतोमा टेन्डर गर्ने समूहको योजना पनि विफल पारेको छ ।

# सुक्खाग्रस्त मधेशमा धान रोपाइँ धराशायी



**दिपक कर्ण**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा असार महिना सकिए पनि धान रोपाइँ कार्यले अपेक्षित गति लिन सकेन । वर्षाको अभावका कारण प्रदेशको प्रमुख कृषियोग्य भू–भागमध्ये झन्डै दुई तिहाइ क्षेत्रमा रोपाइँ हुन सकेको छैन । यति बेलासम्म वर्षाले साथ नदिँदा रोपाइँ समयमै सम्पन्न नहुनुका साथै आगामी दिनमा धान उत्पादनमा ठूलो गिरावट आउने प्रक्षेपण गरिएको छ । कृषि विभागको तथ्यांकअनुसार, मधेश प्रदेशको कुल ३ लाख ७२ हजार ६८५ हेक्टर रोपाइँयोग्य क्षेत्रफलमध्ये असार मसान्तसम्म जम्मा १ लाख २५ हजार ८८८ हेक्टरमा मात्र रोपाइँ सम्पन्न भएको छ । यो कुल क्षेत्रफलको करिब ३३.७८ प्रतिशत मात्रै हो । गत वर्ष यति बेला ६१.५ प्रतिशत क्षेत्रमा रोपाइँ भइसकेको थियो । धान खेतीको मेरुदण्ड मानिने मधेशमा यस्तो खडेरीका कारण धान उत्पादनमा ठूलो गिरावट आउनु देशकै खाद्य सुरक्षाका लागि खतरा बन्ने कृषि विज्ञहरूको चेतावनी छ । वर्षाको स्थिति गम्भीर बन्दै गएपछि मधेश प्रदेश सरकारले असार २६ गते प्रदेशलाई 'सुक्खाग्रस्त क्षेत्र' घोषणा गरेको छ । साथै, प्रदेश सरकारले संघीय सरकारसँग विशेष राहत प्याकेज ल्याउन आग्रह गरेको छ ।

कृषकहरूलाई लक्षित गर्दै दातृ निकायहरूलाई समेत सहयोगका लागि आह्वान गरिएको छ । पानीको चरम अभावका कारण पर्सा, सर्लाही, रौतहटलगायत जिल्लाहरूमा खानेपानी संकट पनि चुलिएको छ । वीरगंज लगायतका शहरी क्षेत्रहरूमा चापाकल र इनारहरू समेत सुकेका छन् । पानीको समस्या समाधान गर्न प्रदेश सरकारले संघीय सरकारसँग आवश्यक स्रोत साधनको माग गरेको छ । विशेषगरी खानेपानी आपूर्ति, सिँचाइका साधन, विद्युत् मोटर, पाइप तथा आकस्मिक राहतका उपायहरूका लागि संघीय सरकारसँग सहयोग मागिएको हो ।

कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवका अनुसार, मधेश सरकारले आठै जिल्लामा दुई प्राविधिक टोली खटाइसकेको छ । 'उनीहरूले तयार पार्ने प्रतिवेदनका आधारमा थप रणनीति बनाइनेछ', उनले भने । कृषि विभागका सूचना अधिकारी तिलकराज चौलागाईंका अनुसार, हालसम्मको रोपाइँ तथ्यांकले धान उत्पादन घट्ने लगभग निश्चित देखिएको छ । उनले भने, 'अहिलेको रोपाइँ दर हेर्दा कुल उत्पादनमा भारी गिरावट आउँछ । ढिलो रोपाइँले पनि उत्पादकत्व घटाउँछ ।' नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशतको हाराहारीमा छ भने धानको योगदान मात्रै ७ प्रतिशतभन्दा बढी रहेको छ । 'मधेशमै उत्पादन घटेपछि यसको प्रत्यक्ष असर समग्र जीडीपीमा पर्नेछ', चौलागाईंले स्पष्ट पारे । मधेश मात्र नभई कोशी प्रदेशका किसान पनि वर्षा नपरेर रोपाइँ गर्न नपाएको गुनासो गरिरहेका छन् । सुनसरीका किसानहरूले राखेको बीउ ब्याडमै सुक्न थालेको छ । इटहरी नगरपालिका–७ का किसान हरि चौचरी भन्छन्, 'आकाश हेरेर बसेका छौँ, पानी नपरेर रोपो नै सुक्न थाल्यो ।'

बाँकी पृष्ठ २ मा






# जय माँ जानकी समाज सेवा कतारको नयाँ नेतृत्वमा लालबाबु साह



**रामएकवाल राम**
**दोहा, कतार ।**
जय माँ जानकी सेवा समाज कतारको दोस्रो महाधिवेशन खुला र बन्द गरी दुई चरणमा सम्पन्न भएको छ । गत शुक्रबार सनैयास्थित लालिगुरास रेस्टुरेन्टको सभा हलमा विविध सांस्कृतिक, शुभकामना आदानप्रदान सहित सम्पन्न अधिवेशनको बन्द सत्रबाट समाजका अध्यक्ष लालबाबु साहको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।
कार्यसमितिका पदाधिकारीहरूमा उपाध्यक्ष पदमा विनोद पासवान ,नथुनी साह, महासचिवमा रामसिकिल यादव, सचिवमा हंसराम यादव, कोषाध्यक्षमा जयनारायण साह, सहकोषाध्यक्षमा रामउदगार यादव, चयन भएका छन् । त्यस्तै वरिष्ठ सल्लाहकार ई. उमेश कुमार यादव,चन्द्रविर यादव सल्लाहकारहरुमा क्रमशः ,कामेश्वर यादव, रामभरोस यादव, जगदिश कापर सन्तोष दास, महेन्द्र यादव, ब्रह्मदेव मण्डल, रामकरण महतो, निर्भय सिंह, खेसारीलाल यादव र रामएकवाल रामलाई चयन गरेका हुन् । त्यस्तै मिडिया कोर्डिनेटरमा ईन्द्रजित यादव र आशिष् यादवलाई सर्वसहमत चयन गरिएको छ ।
कार्यकारी सदस्यहरुमा राजकुमार यादव, अजय साह, श्रीप्रसाद राउत, राकेश साह, शितल यादव,विनय कुमार कुशवाहा, सुरज यादव, सरोज यादव, शंकर यादव, भवेश दास रहेका छन् । त्यस्तै, कुशे मुखिया, लालबाबु मोहम्मद, कुमल राउट, गुगली पासवान, अजय ठाकुर, राकेश महतो, सन्तोष दास, अजय साह, दायाराम साह कलवार, रामकुमार महतो, प्रकाश पौडेल, लक्ष्मी साह, जयकुमार यादव, अरुण कुमार ठाकुर, देवनारायण साह हलुवाई र रामनारायण साह रहेका छन् । अधिवेशनको खुला सत्र ई. उमेश कुमार यादवको अध्यक्षता तथा क्युएसटी ट्रेनिङ एण्ड कन्सल्टेन्सीको प्रबन्ध निर्देशक तथा समाजसेवी यासमिन नाजको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
अधिवेशनमा बोल्दै प्रमुख अतिथि नाजले वैदेशिक रोजगारीमा नेपाली महिलाहरुलाई सोचेको जस्तो सहज नभए पनि विभिन्न समस्या र चुनौतीहरुलाई सामना गर्दै आफूले सन् २०१३ मा एउटा ट्रेनिङ सेन्टरमा रिसेप्सनिस्ट भएर काम शुरु गरि लेखापाल, असिस्टेन्ट म्यानेजर (सहायक प्रबन्धक) हुँदै अहिले आफ्नै कम्पनी खोलेर नेपाली मजदुरहरूलाई पनि बेलाबेला निशुल्क रूपमा शीपमुलक र वृत्ती विकासका लागि तामिल पनि प्रदान गरिरहेको बताए । चन्द्रबिर यादवले सहजीकरण गरेको कार्यक्रममा सभापति ई. यादवले समापन गर्दै संस्थाको निम्तोलाई स्विकार्दै कार्यक्रममा उपस्थित भएका तथा कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सम्पुर्णलाई धन्यवाद दिएका थिए ।

# बाराका पालिकाहरूको बेरुजु ६ अर्ब ...

९२ हजार रुपैयाँ बेरुजु देखिएको छ । ५ लाख ५१ हजार रुपैयाँको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने १ करोड ५४ लाख ६३ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने १३ करोड २५ लाख ५७ हजार रुपैयाँ, नियमित गर्नुपर्ने १ करोड १३ लाख ७८ हजार रुपैयाँ र पेस्की बाँकी ६ करोड ६५ लाख ४३ हजार रुपैयाँसमेत यस वर्ष २२ करोड ५९ लाख ४१ हजार रुपैयाँ बेरुजु कायम छ । उपमहानगरपालिकको गतवर्षसम्म ६७ करोड ७७ लाख १५ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यस वर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ९० करोड ३२ लाख ५६ हजार रुपैयाँ छ ।
कोल्हवी नगरपालिकाको १ अर्ब १४ करोड ६६ लाख ६ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ३ करोड ७६ लाख ६२ हजार रुपैयाँ बेरुजु देखिएको छ । यसवर्षको असुल गर्नुपर्ने ९६ लाख ६४ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने २ करोड १५ लाख ९९ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ३८ लाख ८४ हजार रुपैयाँ र पेस्की बाँकी २५ लाख १५ हजार रुपैयाँ गरी ३ करोड ७६ लाख ६२ हजार रुपैयाँ बेरुजु कायम छ । गतवर्षसम्म ८१ करोड ८७ लाख ४३ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यस वर्ष समायोजन र फर्स्यौट एवम् यसवर्ष कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ८५ करोड ८ लाख ८२ हजार रुपैयाँ छ ।
पचरौता नगरपालिकाको १ अर्ब २१ करोड १२ लाख ९२ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा १ करोड ६४ लाख ८६ हजार रुपैयाँ बेरुजु देखिएको छ । १ लाख ९२ हजार रुपैयाँको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने १६ लाख ३८ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने १ करोड ३९ लाख २ हजार रुपैयाँ र पेस्की बाँकी ७ लाख ५३ हजार रुपैयाँसमेत यसवर्ष १ करोड ६२ लाख ९३ हजार रुपैयाँ बेरुजु छ । पालिकाको गतवर्षसम्म ३० करोड ५० लाख ८९ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ३२ करोड १३ लाख ८२ हजार रुपैयाँ ।
निजगढ नगरपालिकाको १ अर्ब ७० करोड ७१ लाख ६९ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ११ करोड ९७ लाख ५९ हजार रुपैयाँ बेरुजु देखिएको छ । ५१ लाख ४४ हजार रुपैयाँको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने १ करोड २३ लाख ६० हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ७ करोड ४३ लाख ३२ हजार रुपैयाँ, नियमित गर्नुपर्ने २ करोड ५९ लाख ५५ हजार रुपैयाँ र पेस्की बाँकी १९ लाख ६९ हजार रुपैयाँसमेत यस वर्ष ११ करोड ४६ लाख १६ हजार रुपैयाँ बेरुजु कायम छ । पालिकाको गतवर्षसम्म ६९ करोड २ लाख ४७ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ७३ करोड ४१ लाख ५७ हजार रुपैयाँ छ ।
सिम्रौनगढ नगरपालिकाको १ अर्ब ३२ करोड ४१ लाख ८५ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ८ करोड ८७ लाख ४७ हजार रुपैयाँ बेरुजु देखिएको छ । बाँकी बेरुजु असुल गर्नुपर्ने ३१ लाख १० हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ३ करोड ४२ लाख ६८ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ३ करोड ८० लाख २३ हजार रुपैयाँ र पेस्की १ करोड ३३ लाख ४६ हजार रुपैयाँसमेत यसवर्ष ८ करोड ८७ लाख ४७ हजार रुपैयाँ बेरुजु कायम छ । पालिकाको गतवर्षसम्म ४४ करोड ६० लाख ४० हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ५३ करोड ४७ लाख ८७ हजार रुपैयाँ छ ।
महागढीमाई नगरपालिकाको १ अर्ब ७० करोड ४८ लाख १४ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ६ करोड ७४ लाख ३३ हजार रुपैयाँ बेरुजु देखिएको छ । १ लाख १२ हजार रुपैयाँको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने ४ लाख ७५ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने २ करोड ९६ लाख १२ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ९४ लाख १३ हजार रुपैयाँ र पेस्की बाँकी २ करोड ७८ लाख २२ हजार रुपैयाँसमेत यसवर्ष ६ करोड ७३ लाख २२ हजार रुपैयाँ बेरुजु कायम छ । पालिकाको गतवर्षसम्म ३५ करोड ७३ लाख २० हजार रुपैयाँ बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ४१ करोड ७४ लाख ८६ हजार रुपैयाँ छ ।
सुवर्ण गाउँपालिकाको ९९ करोड २६ लाख ३६ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ५ करोड ७३ लाख ४९ हजार रुपैयाँ बेरुजु देखिएको छ । बाँकी बेरुजु असुल गर्नुपर्ने २४ लाख ३९ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ५ करोड ११ लाख ११ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ३७ लाख ८३ हजार रुपैयाँ र पेस्की बाँकी १५ हजार रुपैयाँसमेत यसवर्ष ५ करोड ७३ लाख ४९ हजार रुपैयाँ बेरुजु कायम छ । पालिकाको गतवर्षसम्म २६ करोड ५२ लाख २५ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ३२ करोड २५ लाख ७४ हजार रुपैयाँ छ ।
विश्रामपुर गाउँपालिकाको ८८ करोड ८४ लाख ३९ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा १ करोड ४७ लाख २० हजार रुपैयाँ बेरुजु देखिएको छ । बाँकी बेरुजु असुल गर्नुपर्ने ९२ लाख २ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ३८ लाख २५ हजार रुपैयाँ, नियमित गर्नुपर्ने १० लाख ४६ हजार रुपैयाँ र पेश्की बाँकी ६ लाख ४७ हजार रुपैयाँसमेत यसवर्ष १ करोड ४७ लाख २० हजार रुपैयाँ बेरुजु कायम छ । पालिकाको गतवर्षसम्म १४ करोड ३४ लाख ९८ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा हालसम्मको अद्यावधिक बेरुजु १५ करोड ८२ लाख १८ हजार रुपैयाँ छ ।
बारागढी गाउँपालिकाको ९१ करोड ७७ लाख ५५ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा २ करोड ५६ लाख ९९ हजार रुपैयाँ बेरुजु देखिएको छ । बेरुजु असुल गर्नुपर्ने ३२ लाख ५९ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने १ करोड ८२ लाख ९५ हजार रुपैयाँ, नियमित गर्नुपर्ने १४ लाख ५४ हजार रुपैयाँ र पेस्की बाँकी २६ लाख ९१ हजार रुपैयाँसमेत यसवर्ष २ करोड ५६ लाख ९९ हजार रुपैयाँ बेरुजु कायम छ । पालिकाको गतवर्षसम्म १० करोड १ लाख ४० हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु १२ करोड ५८ लाख ३९ हजार रुपैयाँ छ ।
फेटा गाउँपालिकाको ६७ करोड ४५ लाख ७१ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा १ करोड ५० लाख ५० हजार रुपैयाँ बेरुजु देखिएको छ । यसवर्ष असुल गर्नुपर्ने १२ लाख ५३ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने १ करोड १८ लाख ४६ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ८१ हजार रुपैयाँ र पेस्की बाँकी १८ लाख ७० हजार रुपैयाँसमेत १ करोड ५० लाख ५० हजार रुपैयाँ कायम छ । गतवर्षसम्म ३१ करोड ५ लाख ६८ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् यसवर्ष कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ३२ करोड ५६ लाख १८ हजार रुपैयाँ छ ।
प्रसौनी गाउँपालिकाको ८९ करोड ८६ लाख ८८ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ४० लाख ५ हजार रुपैयाँ बेरुजु देखिएको छ । पालिकाबाट प्रारम्भिक प्रतिवेदनउपर प्रतिक्रिया प्राप्त भएको छैन । यसवर्षको असुल गर्नुपर्ने १४ लाख ९४ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ४ लाख ६ हजार रुपैयाँ, नियमित गर्नुपर्ने २० लाख ४० हजार रुपैयाँ र पेस्की बाँकी ६५ हजार रुपैयाँसमेत ४० लाख ५ हजार रुपैयाँ बेरुजु कायम भएको छ । गतवर्षसम्म २१ करोड २१ लाख ४० हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् यसवर्ष कायम बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु २१ करोड ६१ लाख ४५ हजार रुपैयाँ छ ।
परवानीपुर गाउँपालिकाको ८१ करोड ६३ लाख ३१ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ५२ लाख ३५ हजार रुपैयाँ बेरुजु देखिएको छ । असुल गर्नुपर्ने ३ लाख ६६ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने १९ लाख ८३ हजार रुपैयाँ, नियमित गर्नुपर्ने २५ लाख ६१ हजार रुपैयाँ र पेस्की बाँकी ३ लाख २५ हजार रुपैयाँसमेत यसवर्ष ५२ लाख ३५ हजार रुपैयाँ बेरुजु कायम रहेको छ । गाउँपालिकाको गतवर्षसम्म ७ करोड ७८ लाख ८१ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु ८ करोड १९ लाख २६ हजार रुपैयाँ रहेको छ ।
देवताल गाउँपालिकाको ८३ करोड १६ लाख ३९ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा १ करोड १७ लाख ३३ हजार रुपैयाँ बेरुजु देखिएको छ । बाँकी बेरुजु असुल गर्नुपर्ने २६ लाख ६७ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने ७१ लाख ६२ हजार रुपैयाँ, नियमित गर्नुपर्ने १६ लाख ४ हजार रुपैयाँ र पेश्की बाँकी ३ लाख रुपैयाँसमेत यसवर्ष १ करोड १७ लाख ३३ हजार रुपैयाँ बेरुजु कायम रहेको छ । पालिकाको गतवर्षसम्म १७ करोड १७ लाख ६१ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा सम्परीक्षण फर्स्यौट एवम् कायम हालसम्मको अद्यावधिक बेरुजु १८ करोड ३४ लाख ९४ हजार रुपैयाँ छ ।
करैयामाई गाउँपालिकाको १ अर्ब १ करोड ४६ लाख १९ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा २ करोड ४३ लाख ६० हजार रुपैयाँ बेरुजु देखिएको छ । असुल गर्नुपर्ने १८ लाख ८२ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने १ करोड २५ लाख ६० हजार रुपैयाँ, नियमित गर्नुपर्ने ७ लाख ४४ हजार रुपैयाँ र पेस्की बाँकी ९१ लाख ७४ हजार रुपैयाँसमेत यसवर्ष २ करोड ४३ लाख ६० हजार रुपैयाँ बेरुजु कायम छ । गाउँपालिकाको गतवर्षसम्म २७ करोड ६ लाख ८ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु २९ करोड ४९ लाख ६८ हजार रुपैयाँ छ ।
आदर्श कोटवाल गाँउपालिकाको ६४ करोड ६७ लाख ५२ हजार रुपैयाँको लेखापरीक्षण गरिएकामा ४ करोड ५१ लाख ३७ हजार रुपैयाँ बेरुजु देखिएको छ । यसवर्षको असुल गर्नुपर्ने १० लाख १४ हजार रुपैयाँ, प्रमाण कागजात पेस गर्नुपर्ने २ करोड ८६ लाख ५७ हजार रुपैयाँ, नियमित गर्नुपर्ने ३८ लाख ८३ हजार रुपैयाँ र पेस्की बाँकी १ करोड १५ लाख ८३ हजार रुपैयाँसमेत ४ करोड ५१ लाख ३७ हजार रुपैयाँ बेरुजु कायम छ । गतवर्षसम्म १५ करोड ५८ लाख ७२ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र फर्स्यौट एवम् यसवर्ष कायम बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु २० करोड १० लाख ९ हजार रुपैयाँ छ ।

# भारतको गुजरातबाट पाँच नेपाली मजदुरको उद्धार

**सप्तरी ।**
कामको सिलसिलामा भारतको गुजरात पुगी असहज परिस्थिति झेलिरहेका पाँच नेपाली मजदुरको सकुसल उद्धार गरिएको छ । भारत गुजरातको जोहरापुरा गाउँस्थित रामदेव कोल्डस्टोरमा काम गर्ने सप्तरी जिल्ला तिरहुत गाउँपालिका र हनुमाननगर कङ्काल्नी नगरपालिकाका पाँच जना मजदुरको उद्धार गरी उनीहरूलाई परिवारसमक्ष जिम्मा लगाइएको हो । सुनसरीको भण्टाबारीसँग जोडिएको बिहार भीमनगरका ठेकेदार राजेश शर्माले उनीहरुलाई काम लगाउने गरी गत वैशाखमा त्यसतर्फ लगेकामा यातनासहित श्रमशोषण गरेको भन्ने गुनासो आएपछि उद्धार गरी यही असार २८ गते नेपाल ल्याएको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवले जानकारी दिए । अध्यक्ष यादवका अनुसार काम लगाउने ठेकेदारले कुटपिटसहित मानसिक तथा शारीरिक यातना दिनेगरेको र सम्झौता अनुसारको पारिश्रमिक दिनुको सट्टा कार्यक्षेत्रमा डरधम्की देखाई श्रम शोषणमा परेका तिरहुतका–४ का ६० वर्षीय सकलदेव सदा र हनुमाननगर कङ्कालिनी–८ का २८ वर्षीय चन्दन खङ्ग एवम् शैलेन्द्र सदासहित पाँच जनालाई सकुशल उद्धार गरिएको हो । अध्यक्ष यादवले पीडित मजदुरहरूको उद्धार गरी नेपालसम्म ल्याउने काममा सञ्चारकर्मीसमेत रहेका साइबर सुरक्षा विश्लेषक कुमार अभिनवको सक्रियता तथा नेपाल राष्ट्रिय मुसहर सङ्घको सहयोग र समन्वयमा उनीहरूलाई उद्धार गरिएको स्पष्ट गरे । नेपाल राष्ट्रिय मुसहर सङ्घ सप्तरीका अध्यक्ष शिवदेव सदाले गुजरातस्थित जोहरापुराका स्थानीय अधिकारी र सप्तरी तिरहुत गाउँपालिकाका अध्यक्ष यादवको विशेष सहयोग र समन्वयसहित सञ्चारकर्मी एवम् इन्जिनियर अभिनवको सक्रियतामा पाँच नेपाली मजदुरलाई नेपाल ल्याउन सफल भएको बताए । रासस

# मातृका यादवद्वारा ३ सेट क्रिकेट किट प्रदान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रका मधेश प्रदेश इन्चार्ज र पूर्वमन्त्री मातृका प्रसाद यादवले रजौलस्थित रामजानकी बहुउद्देशीय अन्तर्राष्ट्रिय रंगशालाको अनुगमन र निरीक्षण गरेका छन् ।
यस अवसरमा उनले बच्चाहरूलाई खेलकुदको क्षेत्रमा प्रोत्साहित गर्न ३ सेट क्रिकेट किट हस्तान्तरण गरे । जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डेयले आभार व्यक्त गर्दै समाज निर्माण गर्नु भन्दा पहिले योग्य, अनुशासित र सभ्य युवा निर्माणमा राज्यले लगानी गर्नु आवश्यक रहेको तर्क गरे । संघले यो कदमलाई आगामी दिनहरूमा खेलकुदको क्षेत्रलाई प्रोत्साहन दिने र युवापिढीलाई सकारात्मक दिशा दिने महत्वपूर्ण कदमको रूपमा लिएको उनले बताए ।

# नेपाली विद्यार्थीहरूलाई अफर लेटर हस्तान्तरण

**मधेशदृष्टि**
**काठमाडौँ ।**
भारत सरकारको सांस्कृतिक परिषद् आइसिसिआर अन्तर्गत छात्रवृत्ति प्राप्त नेपाली विद्यार्थीहरूलाई अफर लेटर हस्तान्तरण गरिएको छ । एक समारोहबीच काठमाडौंस्थित भारतीय महावाणिज्य दूतावासले छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरूलाई सो पत्र हस्तान्तरण गरेको हो । समारोहमा महावाणिज्यदूत डी. एस. मीनाले छात्रवृत्तिका लागि चयन भएका विद्यार्थीहरूलाई शुभकामना व्यक्त गरे । उनले विद्यार्थीहरूले भारतमा अध्ययन सफलतापूर्वक पूरा गरेर प्राप्त ज्ञान आफ्नै देशको समृद्धि र भारत–नेपाल मैत्री सम्बन्ध थप बलियो बनाउन प्रयोग गर्ने आशा व्यक्त गरे । भारत



सरकारको विदेश मन्त्रालय तथा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्द्वारा सञ्चालित यो छात्रवृत्ति कार्यक्रमद्वारा प्रत्येक वर्ष सयौं नेपाली विद्यार्थीहरू भारतका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनका लागि अवसर पाउँछन् । काठमाडौंस्थित भारतीय दूतावास तथा आइसिसिआर नेपालद्वारा आयोजित उक्त कार्यक्रममा सम्बन्धित विद्यार्थी, अभिभावक तथा सरकारी अधिकारीहरूको पनि उपस्थिति रहेको थियो ।

# बुढ्यौलीले मनायो भानु जयन्ती

**मधेशदृष्टि**
**महोत्तरी ।**
बुढ्यौली साहित्य समाज महोत्तरीको आयोजनामा जनता माध्यमिक विद्यालय बर्दिबासको सभाकक्षमा २१२औँ भानु जयन्ती मनाइएको छ । यस अवसरमा भानुको तस्बिरमा माल्यार्पण गरी कार्यक्रमको उद्घाटन गरिएको थियो ।




सो कार्यक्रममा बुढ्यौली साहित्य समाज मधेश प्रदेश अध्यक्ष लम्बोदर काफ्लेका साथै सचिव रामचन्द्र पौडेलसहित महोत्तरी, धनुषा तथा सर्लाहीका साहित्यकार प्रेम घिमिरे, राजेश्वरी काफ्ले, दिनेश गरिब पौडेल, नारायण घिमिरे, उद्धव अविचल, गणेश घिमिरे, बिपिराज दहाल, निरप्रसाद शर्मा, गणेश तिमल्सिना, रमेश बस्नेत, विणा हमाल अनि भारतीय कवि मो. कमरुद्दिन नदाफले आ–आफ्ना कविता, गीत, गजल प्रस्तुत गरेका थिए । यसै गरी रचना वाचन गर्नेहरूमा नारायण खड्का, अम्बिका दहाल, बोधराज दहाल, नेत्र रम्तेल, प्रकृति पाण्डेलगायत थिए । कार्यक्रमको प्रमुख आतिथ्य ग्रहण गरेका रमेशमोहन अधिकारी, पत्रकार गोपाल बराल तथा प्रधानाध्यापक तोप बहादुरज्यू ठकुरीले भानुभक्तको व्यक्तित्व र कृतित्वका वारेमा प्रकाश पारेका थिए । बुढ्यौली साहित्य समाज महोत्तरीका सदस्य मोहन गिरीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव नारद काफ्लेले र सभाध्यक्षता अध्यक्ष लालबाबु पोखरेलले गरेका थिए ।

# सुक्खाग्रस्त मधेशमा धान रोपाइँ...

किसानहरूले सरकारबाट उपलब्ध गराइएका केही मोटर र पाइपको उपयोग गर्दै सिँचाइ गर्न प्रयास गरिरहे पनि विद्युत् आपूर्तिको अभावले उनीहरूको प्रयास सफल हुन सकेको छैन । मधेश र कोशी प्रदेशमा रोपाइँ दरमा सबभन्दा ठूलो गिरावट देखिएको छ । मधेशमा ३३.७८ प्रतिशत र कोशीमा ४१.३२ प्रतिशत मात्र रोपाइँ भएको छ ।
जबकि सुदूरपश्चिम प्रदेशले ९३.१ प्रतिशत, कर्णालीले ८३.२३ प्रतिशत, लुम्बिनीले ७३.६८ प्रतिशत र बागमतीले ७६.३१ प्रतिशत रोपाइँ सम्पन्न गरेका छन् । गण्डकी प्रदेशमा गत वर्षको तुलनामा केही कमी आए पनि कुल ६६.९९ प्रतिशत क्षेत्रमा रोपाइँ भएको छ । कृषि विज्ञहरूका अनुसार धान रोपाइँको लागि असार महिना सबैभन्दा उपयुक्त मानिन्छ । असारमा रोपिएको धान बोट बढ्न र बलियो हुन पर्याप्त समय पाउँछ । यसले उत्पादन वृद्धि गर्छ । तर, ढिलो रोपाइँले बाला लाग्ने समयमा मौसम अनुकूल नहुँदा उत्पादन घटाउने जोखिम बढाउँछ । 'कम रोपाइँ र ढिलो रोपाइँको दोहोरो असरले उत्पादन मात्र नभई देशको खाद्य सुरक्षामा नै गम्भीर चुनौती थप्नेछ,' चौलागाईंको भनाइ छ । उनी भन्छन्, 'धान उत्पादन घट्दा चामल आयातमा निर्भरता बढ्नेछ ।
यसले विदेशी मुद्रा सञ्चितिमा समेत असर पार्नेछ ।' मधेश प्रदेश सधैं देशको खाद्य सुरक्षामा मेरुदण्डसरह रहँदै आएको छ । तर, यो वर्षको वर्षा अभाव, सिँचाइ संकट र ढिलाइले त्यो हैसियत नै संकटमा परेको छ । यदि तुरुन्त प्रभावकारी राहत र दीर्घकालीन सिँचाइ नीतिहरू कार्यान्वयन नभए आगामी वर्षहरूमा अझ ठूलो खाद्य संकट निम्तिन सक्ने खतरा देखिन्छ ।

# वीरगंज महानगरमा ट्याङ्करमार्फत खानेपानी वितरण

**वीरगंज ।**
जिल्ला विपद् व्यवस्थापन समितिले मधेश सरकार र अन्य निकायबाट प्राप्त ट्याङ्कर प्रयोग गरी वीरगंज महानगरसहित यहाँका विभिन्न स्थानीय तहमा खानेपानी वितरण गर्ने निर्णय गरेको छ ।

ट्याङ्कर र दमकलबाट नेपाली सेनामार्फत पानी वितरण गर्ने निर्णय समितिले गरेको हो । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले खानेपानी संस्थान र सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा नेपाली सेनाको श्रीजङ्ग गणले खानेपानीको चर्को अभाव झेलेका क्षेत्रमा पानी वितरण गर्ने जानकारी दिए । वितरणका लागि आवश्यक पानी उपलब्ध गराउन खानेपानी संस्थानलाई अनुरोध गरिएको छ । बैठकले दीर्घकालीन समाधानका लागि सङ्घीय तथा प्रदेशका सम्बन्धित निकायमा पहलकदमी गर्न अनुरोध गर्ने निर्णय गरेको छ । नेपाल टेलिकमले खानेपानीको अभाव भएका जनताका लागि टोल फ्रि नम्बरको व्यवस्था गर्ने जनाएको छ । खानेपानी संस्थानका शाखा प्रमुख प्रवीणकुमार साहले संस्थानले दैनिक ८० लाख लिटर बढी खानेपानी उत्पादन गरेपनि वितरण प्रणाली बजेट अभावका कारण व्यवस्थित हुन नसकेको बताए । 'यहाँका खानेपानीका उपभोक्ताले जथाभावि मोटरबाट पानी तान्ने प्रवृत्तिले समस्या देखिएको छ,' उनले भने, 'पानीको हाहाकार भएपछि पछिल्लो १५ दिनको अवधिमा नयाँ धारा जडान गर्न नौ सय बढी ग्राहकले निवेदन दिएका छन् ।' वीरगंज महानगर–२८ का वडाध्यक्ष सरयुग महतो धानुकले आफ्नो वडामा वीरगंज महानगर र खानेपानी मन्त्रालयले एउटा पनि डिप बोरिङ नगरेको गुनासो गरे ।

वडा नम्बर–२६ का वडाध्यक्ष शम्भु मिश्रले आफ्नो वडामा पनि खानेपानीको चर्को अभाव भएकाले ट्याङ्करमार्फत खानेपानी वितरण गर्न जरुरी रहेको बताए । नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्र प्रमुख अवधेशकुमार दुबेले प्राधिकरणबाट ग्राहक बनेर मात्रै डिपबोरिङबाट खानेपानी वितरण गर्न सम्बन्धित निकायलाई आह्वान गरे ।

'टोल–टोलमा हुकिङ गरेर डिप बोरिङ चलाउँदै आइरहेको भेट्टाएका छौं । ती डिप बोरिङको स्वामित्व लिएर विद्युत्को मिटर जडान गरेर खानेपानी वितरण गर्नका लागि अनुरोध गर्दछौं,' उनले भने । रासस

# मधेश प्रदेशमा नागरिक बीमा र सुरक्षित आवास योजना कार्यान्वयन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकार अन्तर्गत खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा 'मुख्यमन्त्री सुरक्षित आवास योजना' र 'नागरिक बीमा कार्यक्रम' लागू गरिएको छ । नयाँ कार्यक्रमअनुसार विपद् वा दुर्घटनाबाट क्षति बेहोर्नुपरेका घरपरिवारहरूले बीमा कार्यक्रममार्फत १ लाखदेखि ५ लाख २५ हजार रुपैयाँसम्मको राहत पाउनेछन् । यस्तै, दुर्घटनामा परी मृत्यु हुने नागरिकका परिवारलाई १० लाख रुपैयाँ बीमा रकम प्रदान गरिनेछ । बीमा योजनाले विशेषगरी विपद्का घटना तथा




क्षतिको न्यूनीकरण र दीर्घकालीन पुनःस्थापना गर्न सहज बनाउने लक्ष्य लिएको छ । मन्त्री प्रमोद जयसवालका अनुसार यी योजनाहरूले मधेश प्रदेशका सर्वसाधारण नागरिकलाई सामाजिक सुरक्षा सुदृढ गर्न मद्दत पुग्नेछ ।

# उच्च अदालतद्वारा १८ महिने मुद्दालाई शुन्यमा झारियो

**मधेशदृष्टि**
**सप्तरी ।**
इतिहासमै पहिलो पटक उच्च अदालत जनकपुर–राजविराज इजलाशले १८ महिने मुद्दालाई शुन्यमा झार्न सफल भएको छ । यतिमात्र नभई सो अदालतले हालसम्मकै सबभन्दा बढी ७१ दशमलब ९० प्रतिशत मुद्दा फछ्र्यौट गर्न सफलता पाएको छ । बुधबार अदालतले आयोजना गरेको पत्रकारसँगको साक्षात्कार कार्यक्रममा प्रस्तुत आ.ब. २०७९/८०, २०८०/८१ र २०८१/८२ को लगत फछ्र्यौट विवरणले यस्तो उपलब्धी प्राप्त गरेको देखिएको छ ।



चालु आवको अन्तिम दिन वर्षभरीको मुद्दा मामिलामा भएको प्रगति विवरण पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरि आमनागरिकसम्म जानकारी पुर्याउने उद्देश्यले आयोजित कार्यक्रममा रजिष्टार लोकराज पराजुलीद्वारा प्रस्तुत प्रगति विवरणमा १८ महिना पुगेका मुद्दा आर्थिक वर्ष २०८१/८२ मा पहिलो पटक शुन्यमा झार्न सफल भएको उल्लेख छ । यस्तै सोही अवधीमा ५ हजार ९७ मुद्दा (७१ दशमलब ९० प्रतिशत) फछ्र्यौट गर्न सफल भएको उल्लेख गरिएको छ । उक्त संख्या हालसम्मकै उच्च र ऐतिहासिक परिणाम भएको मुख्य न्यायाधिश बामदेव ज्ञवालीले सुनाए । अदालतले आव २०७९/८० मा दर्ता भएका मुद्दामध्ये ४१ दशमलब ७५ प्रतिशत, आव २०८०/८१ मा ५२ दशमलब ४ प्रतिशत तथा आव २०८१/८२ मा ७१ दशमलब ९० प्रतिशत मुद्दा फछ्र्यौट गरिएको प्रस्तुत प्रतिवेदनले देखाएको छ । न्यायाधिश, कर्मचारी तथा सरोकारवाला सबै निकायको साथ सहयोग र सक्रियताले यस्तो ऐतिहासिक सफलता सम्भव भएको मुख्य न्यायाधिश ज्ञवाली बताए ।

'कार्यालय समय भन्दा अतिरिक्त समय दिई सबै खटेपछि यस्तो नतिजा निकाल्न सम्भव भएको हो,' उनले भने, 'भविष्यमा समेत दर्ता भएका भन्दा फच्र्छौटको संख्या दर उच्च बनाउन हामी सबै प्रयत्नशिल रहने छौं ।' नागरिकको न्यायालयप्रतिको विश्वास बढाउन तथा पीडितलाई न्यायको अनुभूति गराउन आफूहरुले कुनै कसर बाँकी नराख्ने बताएका उनले यसमा सबैको साथ र सहयोग प्राप्त हुने विश्वास समेत व्यक्त गरे । न्यायालय, नागरिक र पत्रकारबीचको सम्बन्धलाई अझ सुमधुर बनाउन आवश्यक सबै पहल गरिने उनको भनाइ छ । फैसला लेखन बाँकी रहेका २ हजार ४ सय १७ मुद्दा भदौं महिनाभित्रै फैसला तयार गरिसक्ने रणनीति बनाएको जानकारी दिँदै उनले फैसला लेखन कार्यमा १२ जना शाखा अधिकृत, ७ जना नायब सुब्बा र ५ जना कम्प्युटर अपरेटर परिचालन गरिएको जानकारी समेत दिए । कार्यक्रममा वरिष्ठतम न्यायाधिश एवम् योजना कार्यान्वयन समितिका अध्यक्ष सरलाकुमारी पाण्डे, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, सहन्यायधिवक्ता धर्मअवतार कोइराला, प्रहरी उपरिक्षक गौतम केसी, मालपोत कार्यालयका प्रमुख भुपेन्द्र राई, उच्च अदालत बार एशोसिएशनका उपाध्यक्ष धर्मेन्द्र यादवको पनि उपस्थिति रहेको थियो ।

# किसानले खाद्य संस्थान जनकपुरलाई गहुँ बिक्री गरेनन्

**जनकपुरधाम ।**
बजार मूल्यभन्दा कम रकम पाउने भएपछि किसानले खाद्य संस्थान जनकपुरलाई गहुँ बिक्री गरेका छैनन् । सङ्घीय सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले गहुँ खरिदका लागि बजारभन्दा सस्तो मूल्य तोकेकाले किसानले कार्यालयलाई गहुँ बिक्री नगरेका हुन् ।

सरकारले प्रतिक्विन्टल तीन हजार ८६७ रुपैयाँ ३८ पैसाका दरले खरिद गर्नेगरी तोकेको समर्थन मूल्यका आधारमा गहुँ खरिद प्रक्रिया अगाडि बढाइएको थियो । जनकपुरसहितका बजारमा चार हजार ४०० प्रतिक्विन्टल गहुँ बिक्री हुने भएपछि किसानले निजी क्षेत्रका व्यवसायीलाई उपलब्ध गराइरहेका कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख निर्मल थापाले किसानले कार्यालयमा गहुँ बिक्रीको मूल्य जानकारी लिन आए पनि बिक्री गर्न नआएका बताए । बजारभन्दा यहाँको खरिद मूल्य निर्धारण सस्तो भएकाले उत्पादित गहुँ निजी व्यापारीलाई बिक्री गरेका उनको भनाइ छ । धनुषा र महोत्तरीका किसानबाट यस वर्ष दुई हजार ५०० क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य रहेको जनाउँदै प्रमुख थापाले प्रतिकिसानबाट ५० क्विन्टल र प्रतिसहकारी संस्थाबाट पाँच सय क्विन्टल गहुँ खरिद गर्ने लक्ष्य लिइएको बताए । गत फागुन र चैतमा काटिएको गहुँ खरिदसम्बन्धी कार्यालयले सूचना प्रकाशित गरी बिक्रीका लापग किसानलाई आग्रह गरेको थियो । कार्यालयको हाताभित्र गहुँ खरिदका लागि निःशुल्क काँटा सञ्चालन गरिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ । धनुषा र महोत्तरी जिल्लाका सम्बन्धित स्थानीय तहको सिफारिससहित बिक्रीका लागि गहुँ सफा गरी तोकिएको मापदण्डका आधारमा तयार हुनुपर्ने बताउँदै प्रमुख थापाले बिक्रीको भुक्तानी किसानलाई चेकमार्फत गराइने कार्यालयद्वारा जारी सूचनामा जनाइएको उल्लेख गरे । धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीको गहुँ खरिदसम्बन्धी समितिको बैठक बसेर खरिद प्रक्रिया शुरु भएको जनाइएको थियो । बैठकमा सम्बन्धित निकायका पदाधिकारीहरूको पनि सहभागिता थियो । सोही बैठकका आधारमा खरिद प्रक्रिया सुरु भए पनि किसानले कार्यालयमा गहुँ बिक्री नगरेका उनले जानकारी दिए । यसैबीच कार्यालयले चालु आवमा लक्ष्यको तुलनामा धान खरिद पनि कम भएको जनाएको छ । बत्तीस हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य रहेकामा पाँच हजार ३४६ क्विन्टल मात्र खरिद गरिएको कार्यालयका प्रमसख थापाले जानकारी दिए । कार्यालयबाट प्राप्त विवरणअनुसार तोकिएको लक्ष्यको तुलनामा २६ हजार ६५४ क्विन्टल धान कम खरिद भएको हो । सरकारको तोकिएको समर्थन मूल्यभन्दा बजार मूल्य बढी रहेकाले किसानले आफ्नो उत्पादन निजी क्षेत्रका बजारमा बिक्री गरेकाले लक्ष्यअनुसार धान खरिद नभएको हो । सरकारले प्रतिक्विन्टल तीन हजार ५८० का दरले धान खरिद गर्ने निर्देशन दिए पनि बजारमा करिब चार हजार प्रतिक्विन्टलका दरले बिक्री हुने गरेकाले कार्यालयले लक्ष्य अनुसार खरिद गर्न नसकेको प्रमुख थापाको भनाइ छ । कार्यालयले लक्ष्यप्राप्त गर्न चारवटा सहकारी संस्थासँग धान खरिदसम्बन्धी सम्झौता गरे पनि किसान नआएकाले सो लक्ष्य प्राप्त नभएको कार्यालयका कर्मचारीले बताएका छन् । रासस

# स्थानीय न्यायलाई प्रभावकारी बनाउन उपप्रमुखहरूको अन्तरक्रिया



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्थानीय तहमा न्यायिक समितिको भूमिका थप सशक्त र प्रभावकारी बनाउने उद्देश्यले धनुषाको मिथिला बिहारी नगरपालिकामा अन्तरपालिका उपप्रमुख तथा न्यायिक समिति सदस्यहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मानव कल्याण समाज नेपाल, धनुषाको आयोजनामा भएको कार्यक्रममा जिल्लाभरिका १८ वटा पालिकाका उपप्रमुखहरू सहभागी भए । कार्यक्रमको प्रमुख आतिथ्य धनुषा जिल्ला अदालतका सम्माननीय न्यायाधीश दिल कुमार बर्देबाले गरेका थिए । न्यायाधीश बर्देबाले स्थानीय तहका न्यायिक समितिहरू नागरिकको सहज न्याय पहुँचको संवाहक भएको उल्लेख गर्दै कानुनी साक्षरता र व्यावसायिक दक्षता अभिवृद्धि हुनुपर्ने धारणा व्यक्त गरे ।

'यस्ता अन्तरक्रिया कार्यक्रमहरूले व्यवहारिक ज्ञान र समाधान क्षमतामा थप सघाउ पुर्याउँछन्,' उनले भने । कार्यक्रममा विशिष्ट अतिथिका रूपमा मिथिला बिहारी नगरपालिकाका नगरप्रमुख राजेन्द्र यादव तथा प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव सहभागी थिए । प्रशिक्षक अधिवक्ता राम विलास यादवले न्यायिक समितिको कानुनी संरचना, कार्यदायित्व र प्रक्रिया विषयमा व्याख्या गर्दै उपप्रमुखहरूलाई व्यवहारमा उपयोगी ज्ञान प्रदान गरे । कानुन सल्लाहकार अरुण कुमार यादवले व्यवहारमा आउने चुनौती र समाधानका उपायबारे प्रस्तुति दिए । कार्यक्रमको अध्यक्षता मिथिला बिहारी नगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक शोभा देवी साहले गरेकी थिइन् । उनले यस्ता कार्यक्रमहरूले उपप्रमुखहरूबीच समन्वय र अनुभव साटासाटका माध्यम बन्ने भएकाले यसलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याइन् । आयोजक मानव कल्याण समाज नेपालका अनुसार कार्यक्रमले स्थानीय विवाद समाधान प्रक्रियामा पारदर्शिता, दक्षता र निष्पक्षता बढाउने विश्वास लिइएको छ । सहभागीहरूले यस्ता कार्यक्रमबाट व्यवहारिक ज्ञान र आत्मविश्वास दुवै अभिवृद्धि भएको प्रतिक्रिया दिए ।

# बर्दिवास–७ मा दुई तल्ले वडा भवनको उद्घाटन



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको बर्दिवास नगरपालिका वडा नं. ७ मा आधुनिक सुविधासहितको दुई तल्ले नयाँ प्रशासनिक भवनको उद्घाटन गरिएको छ । बुधबार सम्पन्न उद्घाटन समारोहमा नगरप्रमुख प्रह्लाद कुमार क्षेत्रीले नवनिर्मित भवनबाट स्थानीय सेवाप्रवाह थप सहज र प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

समारोहमा बोल्दै नगरप्रमुख क्षेत्रीले भवन निर्माणका क्रममा वडा जनप्रतिनिधि, राजनीतिक दल, जग्गादाता र स्थानीय समुदायको सहकार्य र सहमतिमा काम सम्पन्न भएको उल्लेख गर्दै जनप्रतिनिधिहरू समग्र विकासप्रति पूर्णतः जिम्मेवार भएर क्रियाशील रहेको बताए । साथै, उनले मधेश प्रदेश सुख्खा क्षेत्र घोषणाको तयारीमा रहेको सन्दर्भमा बर्दिवास–७ समेत प्रभावित क्षेत्रमा पर्ने भएकाले खानेपानी व्यवस्थालाई उच्च प्राथमिकता दिइएको जानकारी दिए । 'वडाका केही स्थानमा डिप बोरिङ गडिसकिएको छ । बाँकी क्षेत्रमा पनि शीघ्र थप बोरिङ गरेर खानेपानीको व्यवस्था मिलाइनेछ,' क्षेत्रीले भने । कार्यक्रममा बर्दिवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले संघीयताको मूल भावना अनुसार 'सिंहदरबार घर–घरमा' पुर्याउने अभियानलाई वडा कार्यालयहरूले मूर्त रूप दिने उल्लेख गर्दै भवन निर्माणलाई नगरपालिकाको प्रमुख प्राथमिकता भएको बताए । उनले पूर्वाधार सबल बनाइ स्थानीय तहले सेवा प्रवाहलाई अझ गुणस्तरीय बनाउनुपर्नेमा जोड दिए । वडा नं. ७ का अध्यक्ष राम स्वगारथ यादव 'भोरील'को संयोजनमा निर्माण सम्पन्न गरिएको यो भवन २०८१ असार २६ गतेदेखि निर्माण शुरु भई २०८२ असार २३ गते सम्पन्न भएको हो । ३७ लाख रुपैयाँ लागतमा बनेको भवनको पहिलो तलामा ४ कोठा र दोस्रो तलामा सभा हलसहित २ कोठा रहेका छन् ।

# क्षमता अभिवृद्धि सम्बन्धी तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
जवाफदेही शिक्षाका लागि नागरिक समाजको सशक्तीकरण अन्र्तगत क्षमता अभिवृद्धि सम्बन्धी तालिम वीरगंजमा सम्पन्न भएको छ । कारखाना समूह र दलित सेवा समाज संघ सिरहाको संयुक्त आयोजनामा वीरगंजमा सम्पन्न तालिममा बारा, पर्सा र रौतहटका १८ वटा संघसंस्थाका प्रतिनीधिहरुको सहभागिता रहेको थियो । सहभागीहरुलाई प्रस्तावना लेखनदेखि लिएर परियोजनाको सफलताका मापन तथा प्रस्तावनाको ढाँचालाई अरुभन्दा पृथक बनाउने विषयमा कारखाना समूहका कार्यकारी उपाध्यक्ष सुमिरण श्रेष्ठले प्रशिक्षण दिएका थिए ।



उनले रिजल्ट बेस्ड मोनिटरीङ्ग सम्बन्धी प्रशिक्षण दिए । कारखाना समूहले शीक्षाको गुणस्तर बृद्धिका लागि मधेश प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा काम गरिरहेको कारखाना समूहका कार्यक्रम प्रबन्धक मोहन बुर्जा मगरले बताए । दलित सेवा समाज संघका प्रादेशिक अधिकृत बिन्देश्वर रामकाअनुसार यही क्षमता अभिवृद्धि सम्बन्धी तालिम यसअघि सिरहा, सप्तरी र महोत्तरीका संघसंस्थाका प्रतिनीधिहरुको लागि आयोजना गरिएको थियो । यो तालिमले संघसंस्थाका प्रतिनीधिहरुको क्षमता अभिवृद्धि हुनुका साथै संस्थाको लागि परियोजना पाउन सहयोगी साबित हुने कारखाना समूह मधेश प्रदेश अधिकृत निरज मिश्रको विश्वास छ ।

सम्पादकीय

# नयाँ आर्थिक वर्ष, जनतालाई सुख न हर्ष !

आर्थिक वर्ष २०८२–८३ शुरु भएको छ । मधेश प्रदेश सरकारले यसवर्ष विकास बजेट बढी खर्च गर्न सकेको भनेर गर्व गरेको छ । एकैदिन अर्बौं रुपैयाँको चेक काटिएको छ । बजेटको झण्डै १९ प्रतिशत एकैदिन भुक्तान भएको छ ।

स्थानीय तहरुले पनि यसपालि गाउँ–नगरसभा गरेका छन् । उनीहरुले गरेको सभामा कहीँ कतै ठूलो विवाद भएको छैन, बरु केही स्थानीय तहले प्रविष्ट गर्न बाँकी छ । स्थानीय र प्रदेश सरकारविरुद्ध खबरदारी पनि चर्को छ । फेरि पनि नानीदेखि लागेको बानी झैँ मिलाएर खान कसैले रोकेका छैनन्, त्यस्तो थाहा पाएर खोज्न जाने पत्रकारलाई चैँ रोकिएको छ ।

आर्थिक वर्षका हिसाबले अब काम गर्ने एक वर्ष मात्रै हो । अर्को वर्षको दशैँ अर्थात् करिब १४ महिनापछि मुलुकमा चुनाव घोषणा हुन्छ, बनाइएका कैयौँ बजेट कार्यान्वयनमा पेचिलो हुनेछ । निर्वाचन आचारसंहिता लागु हुने र उम्मेदवार हुने तथा बिदा हुने भएकाले कर्मचारीले २०८४ को दशौँतिहारपछि जनप्रतिनिधिका केही कुरा सुन्ने छैनन् । अनेक कानूनी अड्चन ल्याएर रोक्नेछन् ।

अकतिर अख्तियार दुरुपयोग अनुसन्धान अरु चनाखो भएर खबरदारीमा लाग्ने भएकाले धेरै त निर्वाचनमा उठ्नसमेत रोकिनेछन् । यसैले जनप्रतिनिधिले काम देखाउने वर्ष यही हो । यही वर्षको कामले उनीहरु फेरि जनतामा मौका पाउने नपाउने विषयमा तालुक राख्दछ । यसमा पनि यो साउन र अर्को आर्थिक वर्षको साउन यतिकै बित्छ ।

हामी कठोरसँग जनताका कुरा उठाइरहने छौँ । जनताका विषयबस्तु उठान हाम्रो प्राथमिकता हुनेछ । बदमासी, बेथिति र विकृतिविरुद्ध विगतका वर्षहरुमा झैँ यो वर्ष पनि हाम्रो खबरदारी कायम रहने छ । यो आर्थिक वर्षमा पनि विगतमा झैँ यहाँहरुकाके सद्भाव कायम रहोस्, सूचना पाइरहूँ ।

## खानेपानीमन्त्रीको एक वर्षः काठमाडौँमा बाह्रैमास मेलम्चीको पानी

**विमलबहादुर विष्ट**

खानेपानीमन्त्री प्रदीप यादवले मन्त्रालय सम्हालेको करिब एक वर्ष पूरा भएको छ । गत वर्षको असार ३१ गते पदभार सम्हालेका उनले आफूले एक वर्षमा खानेपानीका क्षेत्रमा उल्लेख्य काम गरेको दाबी गरेका छन् । 'गतवर्षको दशैँ अगाडि नै मेलम्चीको पानी काठमाडौँवासीलाई खुवाउने बाचा गरेको थिएँ, सोहीअनुसार गत असोज २२ गतेदेखि सुन्दरीजल प्रशोधन केन्द्र हुँदै काठमाडौँ उपत्यकामा आपूर्ति गर्न सफल भएँ,' उनले भने ।

विगतका वर्षमा पुस र माघमा मेलम्चीको पानी आपूर्ति हुने गरेकामा आफूले मन्त्रालयको कार्यभार सम्हालेपछि असोज २२ गते नै पानी ल्याउन सफल भएको उनको भनाइ छ । 'यसका लागि म आफैँ मेलम्ची पुगेर स्थानीय जनप्रतिनिधि र सङ्घर्ष समितिका पदाधिकारीसँग छलफल गरेको थिएँ, फलस्वरुप काठमाडौँ उपत्यकामा बाह्रै महिना खानेपानी आपूर्ति भएको अवस्था छ,' उनले भने । उनका अनुसार हाल दैनिक छ करोड लिटरभन्दा बढी पानी काठमाडौँमा आपूर्ति भइरहेको छ ।



साथै खानेपानी मन्त्रालयको व्यवस्थापन सर्वेक्षण गरी खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गत अस्थायी रुपमा सञ्चालित आयोजनालाई १५ वटा स्थायी कार्यालयका रूपमा स्थापना गरिनुका साथै काठमाडौँ उपत्यकाको चक्रपथ बाहिर मेलम्चीको खानेपानी विस्तारका लागि पाँच वटा प्याकेजमा सार्वजनिक खरिद प्रक्रिया थालिएको उनले जानकारी दिए । मन्त्री यादवका अनुसार यसबीचमा नेपाल खानेपानी संस्थान कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०८१ जारी गरी २०७४ यता रोकिएको पदपूर्ति प्रक्रिया पुनःसञ्चालनमा ल्याइएको छ ।

साथै अन्तरराष्ट्रिय साझेदारी विस्तारअन्तर्गत भारत सरकारसँग खानेपानी तथा सरसफाइसम्बन्धी साझेदारीका लागि द्विपक्षीय सम्झौता गरिएको छ । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) सँग मूल व्यवस्थापन, प्रविधि हस्तान्तरण, अनुसन्धान, तथ्याङ्क आदानप्रदानलगायतका विषयमा समझदारी भएको उनको भनाइ छ । मन्त्री यादवले केही समय अघि संयुक्त राष्ट्र सङ्घको आयोजनामा स्पेनको सेभियामा आयोजित राज्य प्रमुखको पहलमार्फत पानी र सरसफाइ वित्तपोषण कार्यक्रममा सहभागिता जनाइ नेपालको दीर्घकालीन वित्तीय प्रतिबद्धता प्रस्तुत जनाएको उल्लेख गरे ।

साथै अन्तरमन्त्रालय तथा अन्तर सरकार समन्वयअन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग पानीको बहुपक्षीय उपयोगसम्बन्धी सम्झौता तथा प्रदेश सरकारसँग खानेपानी तथा सरसफाइ क्षेत्रमा लागत साझेदारीमा आधारित सम्झौता गरिएको मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य बज्राचार्यले जानकारी दिए । शाक्यका अनुसार झापा, वीरगंज, पोखरा, भरतपुर, धरान, बुटवल, कैलालीलगायतका प्रमुख शहरमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनामार्फत खानेपानीका संरचना विस्तार कार्य अघि बढाइएको छ । साथै पछिल्लो एक वर्षमा जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप व्यवस्थापनअन्तर्गत बाढीपहिरोबाट क्षति पुगेका खानेपानी आयोजना पुनःसञ्चालनमा ल्याइएको छ । जलवायु परिवर्तनका कारण बारा, पर्सालगायतका जिल्लामा खानेपानीको समस्यालाई समाधान गर्न दुई सय ५० भन्दा बढी स्थानमा डिप बोरिङ निर्माण गरिएको छ भने केही स्थानमा थप डिप बोरिङ निर्माण गरिएको छ ।

वीरगंज महानगरपालिकाको खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा चार अर्ब ५० करोड रुपैयाँ लागतमा बृहत खानेपानी योजना कार्यान्वयनमा ल्याइएको छ । यसबाट तराई–मधेशमा बढ्दो जलसङ्कट तथा सुक्खापनको दीर्घकालीन व्यवस्थापनका लागि राप्ती खोला खानेपानी पथान्तरण आयोजनाको सम्भाव्यता अध्ययन अघि बढाइएको मन्त्री यादवले जानकारी दिए । मन्त्री यादव आएपछि तराई–मधेशलगायत क्षेत्रका दीगो र भरपर्दो खानेपानी सेवा सुनिश्चित गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँगको साझेदारीमा सुनकोशी–मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामार्फत तराईका सर्लाही, रौतहट, महोत्तरी, धनुषा, बारा र पर्सा गरी छ जिल्लामा खानेपानी आपूर्तिका लागि दीर्घकालीन पूर्वाधार विकासको कार्य अघि बढाइएको मन्त्रालयका सहसचिव तथा योजना महाशाखा प्रमुख ई कमलप्रसाद श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'पछिल्ला एक वर्षमा खानेपानी मन्त्रालयले नीतिगत, कूटनीतिक र भौतिक पूर्वाधारका दृष्टिले महत्वपूर्ण फड्को मारेको छ, सेवा प्रवाहको सुदृढीकरणसँगै दीर्घकालीन तथा दिगो प्रणाली निर्माण भएको छ ।' साथै काठमाडौँको सुन्दरीजलमा २५ दशमलव पाँच करोड लिटर क्षमताको पानी प्रशोधन केन्द्र निर्माणका लागि खरिद प्रक्रिया अघि बढाइएको छ भने सल्लाघारी, कोड्कु, धोबीघाटका ढल प्रशोधन केन्द्रको निर्माण पुनःसुरु भएको छ । कीर्तिपुर र महाँकालचौरमा क्रमशः ६० लाख र ८० लाख लिटर क्षमताका खानेपानी ट्याङ्की निर्माण गरिएका छन् । साथै, खानेपानी तथा सरसफाइ नियमावली, २०८१ लागू, सहलगानी निर्देशिका अद्यावधिक, जनसहभागिता शुल्क ३० प्रतिशतबाट १५ प्रतिशत बनाइएको छ । मन्त्री यादवका अनुसार विभिन्न खानेपानी आयोजनाका लागि करिब १२ अर्ब रुपैयाँको बजेट सहमति प्राप्त गरी निर्माण अघि बढेको छ । 'पछिल्लो एक वर्षमा बजेट फछ्र्यौट प्रक्रियालाई द्रुत गतिमा अघि बढाइएको छ, आर्थिक वर्ष २०८१–८२ मा खानेपानी तथा ढल व्यवस्थापन विभागको पुँजीगत खर्च ८६ प्रतिशत पुगेको छ,' उनले भने ।

मन्त्री यादवको सक्रियतामा पानी शुद्धीकरणको अभियान स्वरूप नयाँ आयोजना तथा खानेपानी उपभोक्ता संस्थामार्फत अनिवार्यरुपमा क्लोरिनेसन युनिट सञ्चालन गरिएको छ भने कर्णाली प्रदेशको भेरी पम्पिङ आयोजनाको ठेक्का सम्झौता, वनजग्गा स्वीकृति तथा रूख कटान अनुमति पश्चात निर्माण शुरु भएको छ । काठमाडौँ उपत्यकाको खानेपानी वृद्धिका लागि सिस्नेरी आयोजना विस्तृत अध्ययन सम्पन्न भई परामर्शदाता छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा देशभर ८६ वटा खानेपानी आयोजनाको निर्माण सम्पन्न भई सञ्चालनमा ल्याइएको छ ।

खानेपानी आपूर्ति सुधारका लागि काठमाडौँ उपत्यकामा एक हजार सात सय किलोमिटर नयाँ पाइपलाइन विस्तार गरिएको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) ले जनाएको छ । जसअनुसार स्वयम्भू, ताहाचल, बालुवाटार, मन्डिखाटार र चाबहिल क्षेत्रमा मात्र सात सय किलोमिटर पाइप विछ्याइएको छ । यस्तै, देशभरका विभिन्न जिल्लामा २० वटा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना सञ्चालनमा ल्याइएको खानेपानी तथा ढल व्यवस्थापन विभागका प्रमुख ई रामकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार ती परियोजनाहरू पुराना योजनाको मर्मतदेखि नयाँ निर्माणसम्म विभिन्न चरणमा छन् ।

गत असोजमा आएको अविरल वर्षाका कारण प्रभावित मुलुकभरका पाँच सय २५ वटा खानेपानी आयोजना पुनःस्थापनाको कामलाई प्राथमिकताका साथ अगाडि बढाइएको मन्त्री यादवले बताए । यी सम्पूर्ण आयोजना तथा सुधारात्मक कार्यबाट करिब १५ लाख नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास मन्त्रालयले लिएको छ । सुन्दरीजल दैनिक साढे आठ करोड लिटर क्षमताको पानी प्रशोधन केन्द्रको खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको छ । याङ्ग्री, लार्केलगायत विगतको बाढीका कारण क्षतिग्रस्त मेलम्चीको इन्टेक स्थान्तरणका लागि अन्तरराष्ट्रिय परामर्शदाता छनौट प्रक्रिया अघि बढेको छ ।

पछिल्लो एक वर्षमा काठमाडौँ उपत्यका चक्रपथभन्दा बाहिर (कीर्तिपुर, पेप्सीकोला, मध्यपुर, थिमी, भक्तपुर र बौद्ध) क्षेत्रमा मेलम्ची खानेपानी आयोजनाको ठेक्का प्रक्रिया अगाडि बढाइएको छ । गत वर्षको बाढीले क्षति गरेको धोबीघाटमा रहेको तीन करोड ७० लाख लिटर क्षमताको फोहर पानी प्रसोधन केन्द्रको परीक्षणका लागि तयारी अवस्थामा रहेको मन्त्री यादवको भनाइ छ । खानेपानीकै लागि बस्ती सार्नुपर्ने अवस्थाको अन्त्य गरी हिमाली तथा पहाडी जिल्लामा सहज, सुलभ तथा स्वच्छ खानेपानी वितरणको सुनिश्चित हुने गरी काम शुरु भएको उनको भनाइ छ । पोखरामा खानेपानी सुधार आयोजनामार्फत ४८ हजार पाँच सय, विराटनगरमा ४५ हजार नौ सय ८७ र झापाको बेलडाँगीमा २३ हजार सात सय ४३ जनसंख्यालाई स्वच्छ खानेपानी आपूर्ति गरिँदै छ । यस्तै, वीरगंजमा १४ वटा नयाँ खानेपानी आयोजनाहरूको निर्माण कार्य शुरु भइसकेको मन्त्री यादवको भनाइ छ । यसअवधिमा जापानी सहयोग नियोग जाइकाको अनुदान सहयोगमा पोखरा खानेपानी सुधार आयोजनाको निर्माण तथा परीक्षण सम्पन्न भएको मन्त्रालयको भनाइ छ । रासस

## दानव नदीमै बगिरहेको छ बुद्धकालीन रोहिणी

**राम विकास चौधरी**

विश्वभर शान्तिको मुहानका रूपमा चिनिने बुद्ध जन्मस्थल लुम्बिनी एक श्रद्धा र आस्थाको केन्द्र हो । तर, बुद्ध जीवनसँग गहिरो सम्बन्ध राख्ने नजिकैको 'रोहिणी नदी' अझै पनि इतिहासको ओझेलमा छ । बेलायती पुरातत्वविद् एलेक्जेण्डर कनिङ्घमले 'द एन्सियन्ट जिओग्राफी आफ इण्डिया, द बुद्धिष्ट पिरियड' (पृष्ठ संख्या ४१६)मा लेखेका छन्, 'कपिला र कोलीका बासिन्दाहरूले आफ्नो धानखेतलाई सिँचाइ पु¥याउने उद्देश्यले रोहिणी नदीको पानी वितरणको विषयमा विवाद गरेका थिए ।' सिलोनी इतिहासहरूका अनुसार, रोहिणी नदी कपिला र कोली दुवै शहरहरूको बीचबाट बग्दथ्यो, जहाँ कोली सहर बुद्धकी आमा मायादेवीको जन्मस्थल थियो ।

रोहिणी नदीको व्याख्या गर्दै कनिङ्घमले लेखेका छन्, 'यी सबै विवरणहरूबाट मैले यो निष्कर्ष निकाल्छु कि रोहिणी नदी वर्तमानको कोहाना खोला नै हो, जो नगरको पूर्वमा छ माइल टाढा दक्षिण–पूर्व भएर बग्दछ ।' उनको भनाइअनुसारको दूरीमा दानवबाहेक अन्य खोला छैन । कनिङ्घमले आफ्नो पुस्तकमा कपिला र कोली दुवै सहरहरूको बीचमा सालको रूखहरू भएको लुम्बिनी नामक एक सुन्दर उद्यान थियो, जहाँ दुवै शहरका बासिन्दा मनोरञ्जनका लागि आउने–जाने गर्थे । मायादेवीले त्यहाँ विश्राम गरे, उनले शिशु बुद्धलाई जन्म दिनुभएको उल्लेख गरेका छन् ।

भारतीय लेखक विजय मिश्रले कपिलवस्तु–लुम्बिनी दिग्दर्शन (१९५४)पेज नं ३१, 'लुम्बिनीको खोज' उपशिर्षकमा लेखेका छन्, 'सिंहली अनुश्रुतिका अनुसार रोहिणी नदी कपिलवस्तु र कोलिय नगरको मध्यबाट बगेको थियो । त्यही कोलिय नगरमा महामाया देवीको जन्म भएको थियो । 'दुवै नगरका बीच एक राजकीय शालोद्यान थियो, जसलाई लुम्बिनी भनिन्थ्यो । त्यहाँ दुवै नगरका बासिन्दा आउने–जाने गर्नुहुन्थ्यो,' मिश्रले लेखेका छन्, 'यी उद्धरणहरुका आधारमा कोहान नदीलाई नै रोहिणी भन्न सकिन्छ । जुन नगरबाट छ माइल पूर्वहुँदै पूर्व–दक्षिण दिशामा बगेको छ ।'

यही भनाइलाई पुष्टि गर्ने अर्को ऐतिहासिक दस्तावेज हो, 'द ट्रवेल्स अफ फाहियान आर द रेकर्ड अफ बुद्धिष्टिक किंडम' । यो किताबको च्याप्टर २२ (पेज ६४ को फूटनोटमा लेखिएको छ, 'रोहिणी नदीको किनारमा लुम्बिनी अवस्थित छ । जसले शाक्य र कोलीबीचको सीमारेखा निर्धारण गर्दथ्यो ।' कोलियको स्थितिलाई शङ्कास्पद मान्दै कनिङ्घमले यसलाई रोहिणी नदीबाट तीन माइल पूर्वमा रहेको लेखेका छन् । 'बुकानन्ले रोहिणीलाई 'एउटा राम्रो सानो खोला' भनेर वर्णन गरेका छन्, 'जसले आफ्ना शाखाहरूमार्फत दक्षिण–पूर्वी भागहरूलाई उर्वर बनाउँछ,' उनको किताबमा उल्लेख छ ।

चौथो शताब्दीका चिनियाँ तीर्थयात्री फाहियानले पनि लुम्बिनीबाट छ माइल पूर्व–दक्षिणतर्फ बग्ने रोहिणी नदीको उल्लेख गरेका छन् । फाहियानले यस नदीलाई 'कोहान' नामले चिनाएका छन्, जुन चौथो शताब्दीको चिनिया उच्चारण 'कोहान', 'कूआन वा 'क्वाना' सँग मेल खान्छ । त्रिभुवन विश्वविद्यालयका उपप्रध्यापक डा त्रिभुवन बरइले बुद्धकालीन सामाजिक र राजनीतिक संरचनालाई बुझ्न रोहिणी नदीको अध्ययन अनिवार्य रहेको बताएका छन् । उनका अनुसार, शाक्य–कोलिय सङ्घर्षले तत्कालीन गणराज्य व्यवस्थाको सीमा, अधिकार र सम्झौताको आधार देखाउँछ । 'रोहिणी एक प्राकृतिक सम्पदा मात्र होइन, बौद्धकालीन सभ्यता, प्राचीन कृषि सङ्घर्ष र क्षेत्रीय राजनीतिक सन्तुलनको पनि साक्षी हो,' डा.बरइ भन्छन्, 'बुद्धकालीन रोहिणी नदी शाक्य र कोलिय राज्यको मध्यभागबाट बग्ने नदी हो जहाँ यी दुई राज्यबीच सिँचाइका लागि जल–विवाद भएको थियो ।'

बौद्ध साहित्यहरुमा 'रोहिणी नदी'को अभिलेख विशेषगरी पाली ग्रन्थ (विनय पिटक, महाभग्गा), चिनियाँ यात्री फाहियान र ह्वेन साङ्गको यात्रा वृत्तान्त, फा–हियनद्वारा लिखित बौद्ध राज्यहरूको अभिलेख, अलेक्जेण्डर कनिङ्घमका पुरातात्विक सर्वेक्षणहरू, स्थानीय समाजसेवी तथा वृद्धवृद्धाको मौखिक बृत्तान्त, रूपन्देहीको भू–नक्सा तथा नदी प्रवाह विश्लेषण रिपोर्टलगायतका किताबहरुमा पाइन्छ ।

बुद्ध जन्मस्थल र बुद्ध वचनको प्रचारप्रसार संसारभर भइरहँदा बुद्धकालीन इतिहाससँग जोडिएको एक महत्वपूर्ण नदी ओझेलमा परेको बौद्ध विद्वानहरुको दुःखेसो छ । बौद्ध दर्शनमा स्नातक गरेका भोला गुप्ताले भने, 'रोहिणी नदी बुद्धको नेतृत्व कौशलको प्रयोग भएको एक महत्वपूर्ण स्थल हो ।' उनका अनुसार बौद्धकालीन सभ्यता, क्षेत्रीय सन्तुलन, जल विवाद र सामाजिक समन्वयको जीवन्त साक्षी रोहिणी नदी शाक्य (बुद्धका पितृकुल) र कोलिय (मातृकुल) राज्यबीचको सिमानामा बग्दथ्यो । उनले भने, 'यसै नदीको पानी बाँडफाँटको विषयमा यी दुई छिमेकी राज्यबीच युद्धको स्थिति उत्पन्न भएको थियो ।' बुटवलको तिनाउँ नदीको सानो शाखा २०३८ सालको बाढीपछि मात्रै कञ्चन नदीमा मिसिएको स्मरण गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयबाट बौद्ध साहित्यमा स्नातकोत्तर गरेका बौद्ध विद्वान मेघनाथ आचार्यले भने, 'त्यसभन्दा अघि कञ्चनको बहाव स्वतन्त्र थियो, जो मर्चवारको दुईमोहान घाटमा तिनाउसँग मिसिन्थ्यो ।' यसले देखाउँछ कि नदीको स्वरूपमा समयानुसार धेरै परिवर्तन भइसकेको छ, तर त्यसको ऐतिहासिक पृष्ठभूमि अझै पहिचानयोग्य छ । 'दुई नगरको सीमा छुट्याउने रोहिणी नदीको इतिहास र यसको साक्षी अब केवल पुस्तकका पानामा सीमित रहनु हुँदैन,' लुम्बिनी बचाउ महाभियानका संयोजक अकरम खाँले भने, 'यसको अस्तित्व र नक्सा समेत प्रमाणित गरी सम्पूर्ण विश्व समाजलाई समन्वय, सहकार्य र जल व्यवस्थापनको नयाँ पाठ सिकाउने एक जीवित उदाहरणको रुपमा व्याख्या गर्नुपर्ने जरुरी छ ।'

बुद्धले रोहिणी नदीको जल विवाद समाधान गर्दा दिएको उपदेशलाई जल स्रोत व्यवस्थापन, द्वन्द्व समाधान, र सह–अस्तित्वको सन्देशका रूपमा प्रयोग गर्न सकिने लुम्बिनी बचाउ महाअभियानको सह–संयोजक लक्ष्मी थारूको भनाइ छ । उनी भन्छन्, 'यो केवल जलस्रोत मात्र होइन, समयको साक्षी र सभ्यताको प्रतिबिम्ब पनि हो ।' अहिलेको दानव नदी नै बुद्धकालीन रोहिणी नदी भएको लक्ष्मीको दाबी छ । लुम्बिनीका स्थानीय बौद्ध भिक्षु धम्मसिद्धीका अनुसार, शाक्य र कोलिय वंशबीचको रोहिणी जल विवाद बुद्धले कूटनीतिक संयमता र करुणाका साथ समाधान गर्नुभएको ऐतिहासिक उदाहरण हो । यसले तत्कालीन जल व्यवस्थापन, अन्तर–राज्य सम्बन्ध र मध्यस्थता क्षमताको गहिरो सन्देश दिन्छ । हालको भूगोल हेर्दा दानव नदी रूपन्देही जिल्लाको मध्य भाग मर्चवार क्षेत्र हुँदै बगेको छ । यसको उदगमस्थल शिवालिक (चुरे) पर्वत हो । यो नदी गैडहवा गाउँपालिका–४ सुर्यपुरा हुँदै लुम्बिनी– मर्चवार क्षेत्रको मध्यभागबाट भारतको उत्तर प्रदेशस्थित राप्ती नदीमा गएर मिसिएको छ । नदीको बहाव दिशा, पुराना जलमार्ग, मानव बसोबासको फैलावट, पुरातात्विक प्रमाणहरु हेर्दा दानव नदीको पश्चिममा शाक्य र पूर्वी तटीय क्षेत्र पुरातन कोलियहरूको भूमि भएको प्रमाणित हुन्छ ।

कनिङ्घमको सर्वेका आधारमा पनि बुद्धकालीन रोहिणी नदीको प्रवाह हालको कञ्चनअर्थात् दानव नदीको मार्गसँग धेरै हदसम्म मेल खान्छ । स्थानीयले दानव नदीलाई कतिपय स्थानमा अझै पनि 'कञ्चन', हरैवा, रोहिणी, तिनाउ र दुईमोहान आदि नामले चिन्ने गर्दछन् । भारत झरेपछि यसै नदीलाई राप्तीको नामले पनि चिनिन्छ । यो भाषिक अपभ्रंशका कारण र समयचक्रको नाम क्रममा परिवर्तन भएको लुम्बिनी सांस्कृतिक नगरपालिकाका संस्थापक नगर प्रमुख मनमोहन चौधरीले बताए । रूपन्देहीको मर्चवार र लुम्बिनी क्षेत्रमा भएका पुरातत्विक उत्खनन्हरूले बुद्धकालीन बसोबास, इँटाका भग्नावशेष, जल व्यवस्थापन प्रणाली र खेतीपातीसँग सम्बन्धित प्रमाण प्रसस्त भेटिएका छन् ।

दानव नदी आसपासमा पुराना बस्ती, ऐतिहासिक पोखरी र बौद्धकालीन भग्नावशेष समेत फेला परेको क्षेत्र नै रोहिणी नदीको ऐतिहासिक सन्दर्भसँग मेल खाने लुम्बिनी प्रदेश सांसद बसिउद्दीन खाँन बताउँछन् । दानव नै बुद्धकालीन रोहिणी नदी भएको उनको दाबी छ । दानव नदीलाई नै ऐतिहासिक रोहिणी नदीका रूपमा प्रमाणित गर्ने विषयमा सरकारी तथा गैरसरकारी तहबाट अनुसन्धान गरिनुपर्ने उनको भनाइ छ । पुरातत्व विभाग, जलस्रोत विज्ञहरू र इतिहास विद्हरूको संयुक्त टोली बनाएर यसबारे विस्तृत अध्ययन गरिनुपर्छ । यसैगरी स्थानिय तहमा पनि रोहिणीअर्थात् दानव नदीको संरक्षण, पर्यटन प्रवद्र्धन र ऐतिहासिक महत्वको प्रचारप्रसार हुनुपर्छ ।

दानव नदी क्षेत्र वरिपरि भएका उत्खनन र अनुसन्धानहरूले बुद्धकालीन बस्ती, जल निकास प्रणाली, प्राचीन इँटाका अवशेष फेला पारेका छन । चिनियाँ तीर्थयात्री फाहियान (सन् ४०५ तिर) र हु यान साङ्ग (सन् ६३०) ले लेखेको यात्रा वृत्तान्तले पनि सम्भवतः यही नदीलाई रोहिणीको रूपमा उल्लेख गरेका छन् । पुरातत्वका विद्यार्थी चन्द्रप्रकाश पाठक भन्छन्, 'बुद्ध जन्मस्थल लुम्बिनी र मर्चवार क्षेत्रमा दानव नदीले हजारौं बिघा खेती सिँचाइ गर्छ । नदीको उदगमस्थल, बहाव, दिशा, आसपासको भूगोल र नदी छेउका पुराना बस्तीहरू हेर्दा यही नै ऐतिहासिक रोहिणी नदी हुनसक्ने देखिन्छ ।'

भारतीय बौद्ध विद्वान् डाएके नारायण भन्छन्, 'रोहिणी नदी मानव इतिहासमा रेकर्ड गरिएको पहिलो वातावरणीय द्वन्द्वहरुमध्येको एक हो, जसको मध्यस्थता स्वयम् बुद्धले गर्नुभएको थियो ।' यो नदीलाई शाक्यवंश र कोलिय नगरबीचको भौतिक सीमा मात्र होइन, नैतिक र आध्यात्मिक सीमा पनि मानिन्छ । रोहिणी त्यही नदी हो, जहाँ तथागत गौतम बुद्धले दुई वंशबीचको युद्ध रोक्न हस्तक्षेप गरेका थिए । दानव नै बुद्धकालीन रोहिणी नदी हो भने यो विश्व बौद्ध धर्मको इतिहासका लागि ठूलो खोजको विषय हुने इतिहासविद् डा चूडामणि बराल बताउँछन् ।

सम्मरीमाइ गाउँपालिका अध्यक्ष विनोदकुमार श्रीवास्तव पनि दुई हजार ५ सय वर्षअघिको रोहिणीको जल विवाद अहिले आएर खोज अनुसन्धानको विषय बनेको बताउँछन् । उनी भन्छन्, 'यो नदीको शोधखोज र अनुशन्धान भई प्रमाणित गर्न सकियो भने, बुद्धकालीन रोहिणी नदीसँगै लुम्बिनी र मर्चवार क्षेत्र मात्र होइन, नेपाल लगायत सम्पूर्ण विश्व बौद्ध धार्मिक मानचित्रमा लुम्बिनीको मूल्य झनै बढ्नेछ ।' लुम्बिनी विकास कोष पुरातत्व महाशाखाका प्रमुख हिमाल उप्रेतीका अनुसार, कुनै पनि नदीको पुरानो मार्ग ट्रेस गर्न कठिन छ । यसको स्वरूपमा व्यापक परिवर्तन आइसकेको हुन्छ । तर पुरातत्व विभागले बुद्धकालीन रोहिणी नदीका प्रमाण सङ्कलन गरी त्यसको संरक्षण र प्रवद्र्धनमा लाग्न आवश्यक छ । रासस

# मन्त्रिपरिषद् निर्णयः साउन १६ लाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाइने



**काठमाडौँ।**
सरकारले प्रत्येक वर्षको साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने भएको छ। बुधवार सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यही असार २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै आगामी साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने जानकारी दिए।

उनका अनुसार सरकारले यही असार ३० गतेदेखि आगामी साउन ८ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, नेपाल चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवको अवसरमा आगामी साउन ६ गतेदेखि १२ गतेसम्म गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई चीन भ्रमणको लागि स्वीकृति प्रदान गर्ने, नेपाल राष्ट्र बैंकबाट एक हजार दर रुपैयाँको नयाँ बैंक नोट प्रकाशनको लागि बैंक नोटको चित्र र आकार स्वीकृत गर्ने सरकारको निर्णय छ।

त्यस्तै, विश्व बैंकबाट विद्यालय क्षेत्र सुधार कार्यक्रमको लागि प्राप्त हुने थप १० दशमलव आठ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता प्राप्त गर्ने, आर्थिक वर्ष २०८१÷८२ का लागि उखु उत्पादक कृषकलाई प्रदान गर्ने अनुदान रकम प्रतिक्विन्टल तीन हजार ५०० रुपैयाँ कायम गर्ने, नेपाली सेनाका ३७ जना महासेनानीहरूको सरुवा गर्ने, रेसुङ्गा नगरपालिका गुल्मीलाई जिपलाइन र स्काई साइक्लिङ निर्माणको लागि गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका–८ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने, आगामी साउन ९ गतेदेखि १४ गतेसम्म नर्भेमा आयोजना हुने नर्भे टु स्ट्रेन्थन कोअपरेसन कार्यक्रममा सहभागी हुन वन तथा वातावरणमन्त्रीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिए।

रेस्टोरिडा रिफ्रेश सेन्टर प्रालिलाई पर्यापर्यटन व्यवसाय गर्ने कार्यको लागि सुनकोशी गाउँपालिका–६ सिन्धुलीमा रहेको हैसियत बिग्रेको राष्ट्रिय वनको जग्गा र धार्चे कृषि जडीबुटी उत्पादन तथा प्रशोधन फार्मलाई वन पैदावरमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्ने कार्यको लागि धार्चे गाउँपालिका–४ लाप्राक, गोरखामा रहेको हैसियत बिग्रेको राष्ट्रिय वनको जग्गा कबुलियती वनको रूपमा उपलब्ध गराउन स्वीकृति दिने, शिक्षा, विज्ञान तथा प्रविधि आगामी साउन ५ गतेदेखि १६ गतेसम्म चीनमा आयोजना हुने रिजनल वर्कसप अनक्लियर सेक्युरिटी रेस्पोन्स क्यापाविलिटी डेभलपमेन्ट फर बार्डरर्स एण्ड पोर्टस् कार्यक्रममा सचिव (विज्ञान तथा प्रविधि) लाई सहभागी हुन स्वीकृति दिने, नेपाल र जापान सरकारबीच सन् २०१९ मार्च २० मा हस्ताक्षर भएको जापानमा निश्चित सीपयुक्त कामदार पठाउने विषयको समझदारीपत्रको अवधि १९ मार्च २०२४ देखि थप पाँच वर्षका लागि नवीकरण गर्न स्वीकृति दिने निर्णय रहेको सरकारका प्रवक्ता गुरुङले उल्लेख गरे।

उनका अनुसार जल तथा ऊर्जा आयोगको सचिवालय र अन्तर्गतका कार्यालयहरूको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, 'क्यासिनो नियमावली, २०८२' स्वीकृत गर्ने, 'राष्ट्रिय जनसङ्ख्या नीति, २०८२' स्वीकृत गर्ने, नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा नायब महालेखा परीक्षक नारायण एमसीलाई बढुवा गर्ने सरकारको निर्णय रहेको छ।

पत्रकार सम्मेलनमा मन्त्री गुरुङले मन्त्रिपरिषद् बैठकको असार ३० गतेको निर्णयसमेत सार्वजनिक गरिएको बताए।

आगामी साउन ११ गतेदेखि १३ गतेसम्म इथियोपियामा आयोजना हुने सेकेन्ड युएन फुड सिस्टम्स् समिट स्टक टेक (युएनएफएसएस प्लस फोर) कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा जयबहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेको उनले जानकारी दिए।

उनका अनुसार नेपाल बिमा प्राधिकरणका सञ्चालक समितिका अध्यक्ष शरद ओझाको आचरण, कार्यक्षमता र पदीय जिम्मेवारी पालना सम्बन्धमा समग्र रूपमा छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश कृष्ण गिरीको अध्यक्षतामा जीवनप्रकाश सिटौला र कपिलदेव ओली सदस्य रहेको समिति गठन गर्ने, छानबिन समाप्त भई अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि नेपाल बिमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष भई कामकाज गर्नेगरी अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई तोक्ने निर्णय गरिएको छ।

निर्माणाधीन नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन पाँच अर्ब ७० करोड बराबरको थप सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने, आगामी साउन ६ गतेदेखि ८ गतेसम्म दक्षिण अफ्रिकाको जोहानस्वर्गमा आयोजना हुने 'फस्ट ग्लोबल एसएमइ मिनिस्ट्रीयल मिटिङ'मा दक्षिण अफ्रिकाका लागि नेपाली राजदूत प्रा कपिलमान श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, जिल्ला समन्वय समिति डडेल्धुराको नाममा रहेको २–६–१–२ रोपनी जग्गा अमरगढी नगरपालिका, डडेल्धुरालाई बहुउद्देश्यीय भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको रिक्त अध्यक्ष पदमा डा खगराज शर्मा, रूपन्देहीलाई नियुक्ति गर्ने, फाप्ला अन्तरराष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिको कार्यावधि यही असार २९ गतेदेखि चार महिनाका लागि थप गर्ने सरकारको निर्णय छ।

नेपाली सेनातर्फ एक जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने, एक जना महासेनानीलाई सहायक सेनानी दर्जामा बढुवा गर्ने र १९ जना सहायक सेनानीको सरुवा गर्ने, ग्रामीण सडक सञ्जाल सुधार आयोजनालाई नवलपरासी (बर्दघाट–सूस्ता पूर्व) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाउँपालिकामा रहेको आलोक चक्रपथअन्तर्गत गिरुवारी–झ्यालबास–डण्डा–चौराहा–पनौती–वसन्तपुर सडकखण्ड स्तरोन्नतिका लागि राष्ट्रिय वनको तीन दशमलव ९९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, कोशी गाउँपालिका, सुनसरीको केन्द्र वडा नं १ लौकहीबाट परिवर्तन गरी वडा नं ३ बद्रीपुल कायम गर्ने, कालिगण्डकी गाउँपालिका, स्याङ्जाको केन्द्र वडा नं ४ कट्टीबाट परिवर्तन गरी वडा नं ४ गहलाम कायम गर्ने सरकारको निर्णय रहेका सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले जानकारी दिए।

आगामी साउन १० गतेदेखि १२ गतेसम्म चीनको सङ्घाईमा आयोजना हुने 'वल्ड आर्टिफिल इन्टेलिजेन्स कन्फ्रेन्स– २०२५' मा सहभागी हुन सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङलाई स्वीकृति प्रदान गर्ने, साउन ८ र ९ गते चीनको बेइजिङमा आयोजना हुने 'ग्लोबल हेल्थ फोरम (जिएचएफ)–२०२५' सम्मेलनमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेका मन्त्री गुरुङले बताए।रासस

# भूमिसम्बन्धी विधेयक चाँडै अनुमोदन हुन्छः सभामुख घिमिरे

**झापा।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसदमाा विचाराधीन भूमिसम्बन्धी विधेयक चाँडै अनुमोदन हुने विश्वास व्यक्त गरेका छन।



अर्जुनधारा नगरपालिकामा बुधवार अव्यवस्थित बसोवासीहरूलाई धनीपूर्जा वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसद्बाट भूमिसम्बन्धी नयाँ कानून निर्माणपछि वर्षौंदेखि थाती रहेका भूमि समस्याको समाधान हुने बताए।

उनले सयौँ भूमिहीनहरूलाई जग्गाको मालिक बनाउन आवश्यक रहेको उल्लेख गर्दै विगतका आयोगले राजस्व महङ्गो भएका कारण तयारी धनीपूर्जाहरू वितरणमा समस्या भएको गुनासो आएको स्मरण गरे।

वर्तमान सरकारले जग्गाको राजस्व घटाएर पाँच प्रतिशत बनाएपछि धनीपूर्जा लिन तयार हुनेहरूको सङ्ख्यामा बृद्धि भइरहेको बताए।

'धेरै सुकुम्बासीहरूले वर्षौंदेखि बसेको जग्गाको धनीपूर्जा पाएका छैनन्,' उनले भने, 'कानुन निर्माणपछि त्यस्ता समस्याको समाधान हुन्छ ।' उनले वर्तमान भूमि आयोगले राम्रो काम गरिरहेको चर्चा गरे।

अर्जुनधारा नगरपालिका–११ का ९६ जना अव्यवस्थित बसोवासीलाई आज जग्गाको धनीपूर्जा वितरण गरिएको छ । सभामुख घिमिरेले अव्यवस्थित बसोबासीमध्ये १० जना ज्येष्ठ नागरिकलाई जग्गाको धनीपूर्जा वितरण गरेका थिए । रासस

# नयाँ आर्थिक वर्ष शुरु हुन अगावै सबै विश्वविद्यालयको बजेट र कार्यक्रम पारित

**काठमाडौँ।**
प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अग्रसरतामा नयाँ आर्थिक वर्ष सुरु हुनुअगावै सबै विश्वविद्यालयले आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम पारित गराएका छन्।

विश्वविद्यालयहरुको आर्थिक स्वच्छता र मुलुकको संसदीय लोकतान्त्रिक प्रणाली र विद्यमान आर्थिक ऐनसम्बन्धी व्यवस्था अनुकूल हुने गरी सबै विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुले सम्भवतः पहिलो पटक यसरी एकै समयमा बजेट पारित गरेका छन्।

चालु आवको अन्तिम दिन असार ३२ गते मात्रै नेपाल संस्कृत विश्वविद्यालयको ७८ औँ र लुम्बिनी बौद्ध विश्वविद्यालयको १८ औ सभा बैठक सम्पन्न भएको छ। आजै चिकित्सा शिक्षा आयोगको बैठक पनि राखिएको छ।

यही असार ३१ गते एकै दिन चार वटा विश्वविद्यालयको सभा बैठक (सिनेट) भएको थियो । उक्त दिन सुदूरपश्चिम विश्वविद्यालयको १३ औँ, पूर्वाञ्चल विश्वविद्यालयको ४१ औँ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको १५ औँ र कृषि तथा वन विज्ञान विश्वविद्यालयको १४ औँ सभा बैठक सम्पन्न भई बजेट तथा कार्यक्रम पारित भएको थियो।

यस्तै असार ३० गते मध्यपश्चिम विश्वविद्यालयको १७ औँ, राजर्षि जनक विश्वविद्यालयको १० औँ, असार २६ गते त्रिभुवन विश्वविद्यालयको वार्षिक साधारणसभा, असार २५ गते पोखरा विश्वविद्यालयको २५ औँ सभा बैठक भई बजेट पारित भएको छ।

यसअघि काठमाडौँ विश्वविद्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सभा बैठक आयोजना भइसकेको छ । त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा डा दीपक अर्याल यही असार २५ गते मात्रै नियुक्त हुनुभएकाले असार २६ गतेको सिनेटमा नीतिगत कार्यक्रम पनि स्थगन गरी चाँडै अर्को बैठकमा ल्याउन भनिएको छ।

कुलपति ओलीको तत्परतामा सबै विश्वविद्यालय (प्रतिष्ठान)हरुले नयाँ आर्थिक वर्ष लाग्नुअगावै आगामी आर्थिक वर्ष बजेट तथा कार्यक्रम सिनेट बैठकबाट अनिवार्य स्वीकृतिका लागि छोटो सूचनामा पनि यसरी विश्वविद्यालयको सभा राखिएको मुलुककै पहिलो शैक्षिक परिघटना सावित भएको छ।

साथै यी विश्वविद्यालयहरुका स्रोत सुनिश्चितबिनाका बजेट र कार्यक्रम राख्ने क्रम पनि रोकिएको छ । केही विश्वविद्यालयले घाटा बजेटसमेत प्रस्ताव गरेको स्थितिमा कुलपति ओली, सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तसहितको मार्गदर्शनमा यथार्थ बजेट हुने गरी संशोधित प्रस्ताव पारित भएको छ।

साथै लामो समयसम्म लेखापरीक्षण नहुने र उक्त प्रतिवेदन सभामा पेस नहुने परिपाटी तथा लामो समय बेजुरु फछ्र्योट नहुने प्रवृत्ति पनि निरुत्साहित भएको छ। कुलपति ओलीले आगामी दिनमा आवअगावै स्वीकृत नभएको बजेटपछि अनुमोदन नहुने स्पष्ट पारि सकेका छन।

अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले प्रधानमन्त्री एवं कुलपति ओलीले साउन १ गतेअगावै सबै विश्वविद्यालयहरुले अनिवार्यरुपमा पारित बजेट मात्रै कार्यान्वयनमा ल्याई थिति बसाल्न दिनुभएको निर्देशन कार्यान्वयनमा आउनु अति सकारात्मक भएको बताए । उनले यसबाट सरकार र विश्वविद्यालको सम्पर्क र सम्बन्ध पनि सुमधुर भई बजेट र कार्यक्रममा समन्वय विस्तार सहयोग पुग्नुका साथै लेखा परीक्षणमा पनि सहयोग मिल्ने प्रतिक्रिया दिनुभयो। कृषि तथा वन विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा शारदा थपलियाले कुलपतिको यस प्रकारको सुरुपष्ट निर्देशनले आफूहरुलाई शैक्षिक क्यालेण्डर कार्यान्वयन र सुशासन कायममा ऊर्जा मिल्ने बताए।

विगतमा आर्थिक वर्ष सुरु भइसकेपछि पनि वार्षिक बजेट र कार्यक्रम प्रस्तुत र पारित हुने, कतिपय विश्वविद्यालयका पदाधिकारीको रिक्तता र विवादका कारण सिनेट बैठक हुन नसक्दा विश्वविद्यालयहरुका आर्थिक थिति बस्न सकेको थिएन। यस वर्ष प्रधानमन्त्री एवं कुलपति ओलीले छ महिलाअगावैदेखि आगामी आवको बजेट यस आवभित्र पारित गर्न पटकपटक निर्देशन दिएका थिए।

असारको दोस्रो साता प्रधानमन्त्री ओलीको संयुक्त राष्ट्रसङ्घीय विकासका लागि वित्तासम्बन्धी चौथो सम्मेलनका लागि स्पेनको औपचारिक भ्रमण, स्वदेश फर्केपछि नियमित अन्य काम, राजनीतिक भेटघाट, रसुवागढीमा आकस्मिक बाढीको विपत्ति र गृहजिल्ला झापाका कार्यक्रमका व्यस्तताका बीच प्रधानमन्त्री ओलीले आफू कुलपति भएका विश्वविद्यालय र प्रतिष्ठानहरुको सिनेट राखेका थिए।रासस

# शहरी विकास मन्त्रीको एक वर्षः नयाँ शहरदेखि साना शहरी केन्द्रका योजना

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले पदभार ग्रहण गरेको एक वर्षमा नयाँ सहरदेखि स्थानीय तहपिच्छे साना सहरी केन्द्रका योजनालाई प्राथमिकता दिएका छन ।



एक वर्षमा सहरी विकास मन्त्रालयले दिगो र समावेशी सहरीकरणका लागि स्पष्ट खाका तयार गरेको मन्त्रालयले जनाएको छ । मन्त्री सिंहले आफ्नो मुख्य उद्देश्य गाउँ र सहरबीचको असमानता हटाई समग्र देशलाई आधुनिक, समृद्ध र व्यवस्थित सहरी प्रणालीमा रूपान्तरण गर्नुरहेको बताए ।

'हामीले गाउँ र सहरलाई जोड्ने गरी एकीकृत सहरी विकासको अवधारणा अघि सारेका छौँ । यसअन्तर्गत ग्रामीण क्षेत्रमा आधारभूत सहरी सुविधा जस्तै सडक, खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षा, पु–याउने र सहरी क्षेत्रमा ग्रामीण उत्पादनलाई बजारसँग जोड्ने योजना छ ।

यसले गाउँ र सहरबीचको खाडल कम गर्नेछ,' उनले भने, 'नयाँ सहर आयोजना अन्तर्गत सरकारले मध्यपहाडी क्षेत्रमा पर्ने १० वटा सहरलाई कम्तीमा एक लाख जनसङ्ख्यालाई आवास सुविधा प्राप्त हुने गरी 'ल्याण्ड पुलिङ' अवधारणामा नयाँ सहरको रूपमा विकास गर्ने कार्यक्रम अगाडि बढाएको छ ।'

यसैगरी मन्त्रालयले स्मार्ट सिटी परियोजना अगाडि बढाएको छ । काठमाडौँ, पोखरा, बुटवललगायत अन्य १० सहरलाई स्मार्ट सिटीको रूपमा विकास गर्न डिजिटल प्रविधि, हरित ऊर्जा र व्यवस्थित यातायात प्रणालीलाई प्राथमिकता दिएको मन्त्री सिंहले जानकारी दिए ।

'यसले सहरलाई वातावरणमैत्री र आधुनिक बनाउनेछ । नेपाल सरकारले हालै नेपालको स्मार्ट सहरको रूपरेखा तय गर्न स्मार्ट सिटी इन्डिकेटर, २०८२ स्वीकृत गरको छ,' उनले भने, 'ग्रामीण सहरीकरण गाउँमा सहरी सुविधा पुऱ्याउन ग्रामीण सहरीकरण अवधारणा अन्तर्गत प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सानो सहरी केन्द्र (साना बजार, स्वास्थ्य केन्द्र, र सामुदायिक भवन) विकास गर्ने योजना छ ।

यस योजनाले गाउँका बासिन्दालाई सहरी सुविधा गाउँमै उपलब्ध गराउनेछ ।'

मन्त्री सिंहका अनुसार देशका पुराना सहरी क्षेत्र कसरी आधुनिकीकरण गर्ने भन्ने सम्बन्धमा पुराना सहरको संरचनात्मक र सामाजिक दुवै पक्षमा ध्यान दिइएको छ । काठमाडौँ, ललितपुर, भक्तपुर, वीरगञ्ज, जनकपुरजस्ता पुराना सहरको संरचना जीर्ण भइसकेको र अव्यवस्थित बस्ती बढ्दै गएकाले यसलाई समाधानमा जोड दिइएको उनको भनाइ छ ।

'पुरातात्विक सम्पदा संरक्षणस् पुराना सहरमा रहेका सम्पदाको संरक्षण गर्दै तिनलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने योजना छ ।यसले ती क्षेत्रको सांस्कृतिक महत्व जोगाउनुका साथै आर्थिक सम्भावनासमेत वृद्धि गर्नेछ'' मन्त्री सिंहले भने, 'सडक विस्तार र ढल व्यवस्थापन, पुराना सहरमा सडक साँघुरो र ढल प्रणाली अव्यवस्थित छ । स्थानीय तहसँग सहकार्य गरी एकीकृत सहरी पूर्वाधार विकास परियोजना सञ्चालन गरिएको छ ।'

एक वर्षमा सार्वजनिक यातायात र हरियाली प्रवद्र्धन पुराना सहरमा ट्राफिक जाम र प्रदूषणको समस्या समाधान गर्न सार्वजनिक यातायातलाई प्राथमिकता दिइएको छ ।

साथै, हरियाली प्रवद्र्धनका लागि पार्क र खुला क्षेत्रको निर्माण भइरहेको उनको भनाइ छ । मन्त्रालयका अनुसार काठमाडौं उपत्यकालाई सफा सहरका रूपमा विकास गर्ने, सहरीकरण व्यवस्थित रूपमा अघि बढाउने, उपत्यकाका नदी स्वच्छ बनाउने, पूर्वाधार विकासमा तीन तहको सरकारको समन्वय राम्रो बनाउनेलगायतका विषयलाई प्राथमिकतामा दिइएको छ ।रासस

# नेपाल संस्कृत विश्वविद्यालयको सिनेटः एक अर्ब ३१ करोडको बजेट स्वीकृत

**काठमाडौँ।**
नेपाल संस्कृत विश्वविद्यालय सभाको ७८ औँ बैठकले आगामी आर्थिक वर्षका लागि रु एक अर्ब ३१ करोडको बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ। प्रधानमन्त्री निवास, बालुवाटारमा आज प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीका अध्यक्षतामा भएको बैठकमा कुलसचिव प्रा माधव अधिकारीद्वारा प्रस्तुत भौतिक विकाससम्बन्धी लक्ष्य र कार्यक्रममा आधारित आय–व्ययको बजेट पारित भएको हो।

बैठकमा कुलपति ओलीले संस्कृत नेपालको संस्कृतमा विनय र पात्रतासहित समृद्ध सम्पदा भएकाले यसको संरक्षण र प्रवद्र्धनसहित गुणस्तरीय शिक्षा प्रदान गर्नु यस विश्वविद्यालयको विशेष जिम्मेवारी भएको बताए । विश्वविद्यालयका उपकुलपति प्रा डा धनेश्वर नेपालले गुरुकुल प्रणालीको संरक्षण गर्न र विश्वविद्यालयको स्थायी छात्रस्रोत सुनिश्चित गराउन सातै प्रदेशमा 'एक विद्यापीठः एक नमुना गुरुकुल' को अवधारणा अगाडि ल्याइएको बताए।रासस

# नेप्से परिसूचक ३४ अङ्कले बढ्यो

**काठमाडौं ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३४ दशमलव ६१ अङ्कले बढेर दुई हजार ७९४ दशमलव ७८ को बिन्दुमा कायम भएको छ ।

आज तीन सय ३० कम्पनीको चार करोड ३१ लाख ११ हजार ४१६ कित्ता शेयर ९९ हजार ५०५ पटक खरिदबिक्री हुँदा १४ अर्ब तीन करोड ४८ लाख ३९ हजार ८८० रुपैयाँ बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा व्यापार समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह तीन दशमलव ८६ प्रतिशतले बढेको छ । बैंकिङ एक दशमलव ५९, वित्त शून्य दशमलव ७५, होटल तथा पर्यटन शून्य दशमलव ५९, जलविद्युत् एक दशमलव २८ र लगानी शून्य दशमलव ५२ प्रतिशतले बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ३९, लघुवित्त एक दशमलव ८५, म्युचुअल फण्ड एक दशमलव ५८, निर्जीवन बिमा एक दशमलव ८५ र अन्य समूह शून्य दशमलव ३३ प्रतिशतले बढेको छ ।

आजको कारोबारका एक सय ९३ कम्पनीको शेयर मूल्य बढ्दा ५५ वटाको घटेको छ । केबिएल डिबेञ्चर–२०९० र श्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ८७ प्रतिशतले घटेको छ ।रासस

# दुई वटा व्यापारिक फर्ममाथि कारबाही

**काठमाडौं ।**
गुणस्तर, परिमाण, मूल्य र नापतौलमा हेरफेर गरेको तथा रिलेबलिङ गरेको पाइएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दुई वटा व्यापारिक फर्ममाथि कारबाही गरेको छ । विभागले श्रीराम टोबाको उद्योग प्रालिलाई रु तीन लाख बराबरको जरिवाना गरेको छ ।

यस्तै, एसवीएल प्रोफेसनल प्रालिलाई दुई लाख पाँच हजार रुपैया बराबरको जरिवाना गरेको विभागले जनाएको छ । अधिकतम खुद्रा मूल्य नराखी बिक्री वितरण गरेको पाइएपछि कारबाही गरिएको विभागको भनाइ छ ।

विभागले उपलब्ध गराएको विवरण अनुसार सात वटा फर्मलाई आवश्यक कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिएको छ ।

त्यस्तै, काठमाडौं र ललितपुरका पाँच वटा फर्मलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर तीन दिनभित्र उपस्थित हुन निर्देशन दिएको छ ।

विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिमआवश्यक निर्देशन एवम् कारबाही गरिएको जनाएको छ ।

विभागले असार ३१ गते नौ, ३० गते पनि समान नौ वटा फर्मलाई कारबाहीको दायरामा ल्याएको छ । केहीलाई सामान्य निर्देशन दिइएको छ भने केहीलाई कागजातसहित आउन भनेको छ ।

यस्तै, असार २९ गते नौ, असार २७ गते पाँच, असार २६ गते १६, असार २५ गते ११ वटा फर्मा अनुगमन गरी आवश्यक कारबाही गरिएको जनाएको छ ।रासस

# रुसद्वारा युक्रेनी सैन्य क्षेत्रमा आक्रमण

**काठमाडौं ।**
रुसले मंगलबार युक्रेनी सैन्य क्षेत्रमा आक्रमण जारी राखेको छ ।

रुसको रक्षा मन्त्रालयको दैनिक ब्रीफिंग अनुसार, रुसको सेनाले विगत २४ घण्टामा सुमी, खार्किभ र डोनेट्स्क लगायत युक्रेनी क्षेत्रहरूमा आक्रमण गरेको हो । आक्रमणका क्रममा रुसले युक्रेनका धेरै इलेक्ट्रोनिक युद्ध स्टेशनहरू, राडार स्थापनाहरू र गोलाबारुद डिपोहरू ध्वस्त पारेको छ ।ककककक

रुसी आक्रमणको प्रतिबाद गर्दै युक्रेनले सोही दिन १७८ वटा रुसी ड्रोनहरू खसालेको छ । रुसी वायु रक्षा एकाइहरूले सोही अवधिमा सात युक्रेनी बम, रकेट र १०३ फिक्स्ड–विङ ड्रोनहरू रोकेको मन्त्रालयले जनाएको छ ।

युक्रेनको सशस्त्र बलको जनरल स्टाफले एक युद्ध रिपोर्टमा भनेको छ कि युक्रेनको सेनाले यसदिन ११ रुसी सेना र उपकरण केन्द्रहरूमा प्रहार गरेको छ । यसबाहेक युक्रेनको वायुसेनाले स्थानिय समय अनुसार सोमबार साढे ४ बजे देखि २६७ रुसी–प्रक्षेपित ड्रोनहरू मध्ये १७८ लाई गोली हानेको रिपोर्ट गरेको छ ।

युक्रेनको संसदले मंगलबार नोभेम्बर ५ सम्म मार्शल ल र परिचालनलाई विस्तार गर्ने र ओटावा कन्भेन्सनमा देशको सहभागितालाई अस्थायी रुपमा निलम्बन गर्ने निर्णय गरेको छ । जुन अन्तर्राष्ट्रिय सन्धि हो जसले एन्टी–पर्सनल ल्याण्डमाइनको प्रयोगलाई निषेध गर्दछ ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसलाई शान्ति वार्ताको लागि ५० दिनको अल्टिमेटम प्रस्ताव गरेपछि कूटनीतिक तनाव बढेको छ । यदि वार्ताका लागि तयार नभएर ट्रम्पले रुसमाथि गम्भीर कर लगाउने धम्की दिएका छन् ।

# नेपालको श्रीलंकाविरुद्ध सानदार जित



**काठमाडौं ।**
नेपालले दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला यु–२० च्याम्पियनसिपमा श्रीलंकाविरुद्ध सानदार जित निकालेको छ ।

बंगलादेशको राजधानी ढाकास्थित बसुन्धरा किङ्स एरेनामा मंगलबार सम्पन्न खेलमा नेपाल ७–० ले नेपाल विजयी भएको हो ।

नेपालको जितमा मीना देउवाको ह्याट्रिँसँगै पूर्णिमा राईले २ गोल गरिन् । मिनाले खेलको ८, ४२ र ७० औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन् भने समीक्षा मगर र सरिता नाथले समान १ गोल गरे ।

जितसँगै नेपालले तीन खेलबाट ६ अङ्क बटुलेको छ । समान खेलबाट बङ्गलादेशको ९ अङ्क छ ।

नेपालले पहिलो खेलमा भुटानलाई ६–१ ले पराजित गरेको थियो । दोस्रो खेलमा बङ्गलादेशसँग पराजित भएको थियो । श्रीलङ्का भने प्रतियोगितामा जितविहीन छ ।

# १६८ छोरीलाई मुद्दती खाता उपहार

**बागलुङ ।**
बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रमअन्र्तगत दुई वर्षमा १६८ जना छोरीको मुद्दती खाता खोल्न सफल भएको छ । बागलुङ नगरपालिकाले पाँच हजार रुपैयाँ सहितको मुद्दती खाता छोरीलाई उपहार स्वरुप प्रदान गरिएको जनाएको छ ।

नगरपालिकाले २०८० साउनदेखि नगरपालिकाभित्र जन्मेका सबै छोरीलाई २० वर्षे मुद्दती खाता खोलेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिए । नगरपालिकाले दुई वर्षमा नगरभित्र जन्मेका १६८ छोरीको खातामा पाँच हजार रुपैयाँ का दरले आठ लाख ४० हजार रुपैयाँ जम्मा गरिसकेको बताए ।

नगरपालिकाभित्रका १४ वटा वडामा जन्मिएका छोरीहरुको नाममा प्रभु बैंक लिमिटेड बागलुङ शाखामा खाता खोली नगद पाँच हजार नगरपालिकाले जम्मा गरिदिएको हो ।

'नगरपालिकाले छोरीहरुको प्रोत्साहनका लागि 'नगरकी छोरी' कार्यक्रम सञ्चालन गरेको छ', नगरप्रमुख श्रेष्ठले भनिन, '१३औं नगरसभाद्वारा पारित नीति तथा कार्यक्रमअन्र्तगत अहिलेसम्म एक सय ६८ जना छोरीहरुको २० वर्षे मुद्दती खाता उपहार दिइएको छ, छोरी जन्माउनेलाई प्रोत्साहन गर्ने नगरको नीतिअनुसार हो, त्यहीअनुसार मुद्दती खाताम चक्रिय ब्याज आउने गरी कार्यविधि निर्माण गरेर बैंकसँग सम्झौता गरिएको छ ।'

परिवारमा बचत गर्ने बानी बसाल्न नगरकी छोरी कार्यक्रम ल्याइएको उनको भनाइ छ । नगरको छोरी कार्यक्रम सञ्चालनका निम्ति कार्यविधि निर्माण गरेर कार्यान्वयन गरिएको छ ।

जिल्लाको बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ । आर्थिक वर्ष २०८०÷८१ को नीति तथा कार्यक्रम र बजेटमार्फत ल्याएको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याएको हो ।

नगरकी छोरी कार्यक्रमको कार्यविधिको दफा ६ मा कोष सञ्चालनसम्बन्धी व्यवस्थाअनुसार छोरीहरुका लागि मुद्दती खाता सञ्चालन गरी प्रत्येक छोरीहरुका लागि एक पटक पाँच हजार रुपैयाँ जम्मा गर्ने प्रावधान छ ।

सो मुद्दती खातामा परिवारका सदस्यले रकम थप गर्न चाहेमा थप गर्न सक्ने, यसरी सञ्चालन भएको मुद्दती खाताको रकम छोरी २० वर्ष नपुगेसम्म झिक्न नमिल्ने कार्यविधिमा उल्लेख छ ।

नगरपालिकाले पहिलो छोरीको रुपमा बागलुङ नगरपालिका–२ श्रीनगर टोलका दुर्गाबहादुर क्षेत्री र मिलिमा केसीकी छोरी अद्धिका क्षेत्रीको नाममा खाता खोलेर 'नगरकी छोरी' कार्यक्रमको थालनी गरेको थियो ।

नगरमा जन्मेका छोरीहरुको सम्मान र आर्थिक भविष्यका उक्त कार्यक्रम ल्याएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलले जानकारी दिए । छोरीहरुको संरक्षण, छोरीलाई गरिने विभेदको अन्त्य, बालविवाहको उन्मूलनसहित छोरीलाई शिक्षित र स्वावलम्बी बनाउने उद्देश्यले बागलुङ नगरपालिकाले 'नगरकी छोरी' कार्यक्रम कार्यान्वयन गरेको कँडेलको भनाइ छ ।रासस

# सिँचाइमा क्षति पुग्दा बाँझिए खेतबारी



**पाँचथर ।**
एक दशकअघि तमोर कोरिडोरको ट्र्याक खोल्ने क्रममा यहाँको टारी कुलो सिँचाइमा क्षति पुग्यो । आयोजनामा क्षति भएपछि कुम्मायक गाउँपालिका–४, शिवाढोभानको फाँटमा पानी आउन छाड्यो । जसको असर खेतीमा पर्‍यो ।

तमोर कोरिडोरअन्तर्गत अन्यत्र कालेपत्रे भइरहँदा यहाँ भने बर्सेनि ट्र्याक खोल्ने र अलपत्र छाड्ने काम भइरहेको छ ।

बर्सेनि सडकको ट्र्याक खोल्दा शिवाढोभानलाई सिञ्चित गर्ने टारी कुलो सिँचाइ योजनामा क्षति पुग्दै आएको छ ।

सडक निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले बर्सेनि ट्र्याक खोल्ने, सतह मिलाउनेलगायत काममा माटो कटान गरी फाल्ने गरेको छ । यसको असर सिँचाइ आयोजनामा परेको छ ।

स्थानीय पूर्णबहादुर सम्बाहाम्फेका अनुसार सिँचाइ योजना मर्मतको प्रयास भए पनि पूर्णरुपमा हुन सकेको छैन ।

'डेढ किलोमिटर लम्बाईको कुलो शिवाढोभानका एक दर्जनभन्दा बढी परिवारका लागि खेतीको आधार थियो, यसबीचमा आयोजना मर्मतका लागि सरकारले १५ लाख रुपैयाँ र निर्माण कम्पनीले दुई लाख रुपैयाँ दिएका थिए, त्यसबाट पक्की कुलो बनाइएको थियो,' उनले भने, 'तर बर्सेनि ट्र्याक खोल्दा माटोले कुलो पुरिने गरेको छ, यसको दीर्घकालीन समाधान हुन सकेको छैन ।'

फिदिम नगरपालिका र कुम्मायक गाउँपालिकाको सीमा क्षेत्र पर्ने शिवाढोभानको फाँटमा सिंचाइको सुविधा हुँदा अहिले खेतीपाती हुन छाडेको स्थानीय ललितबहादुर सम्बाहाम्फेको भनाइ छ । 'कुनै समय वर्षमा तीन बालीसम्म लगाइन्थ्यो, कुलोमा क्षति पुगेपछि मकै मात्रै लगाउँदै आएका थियौं, अहिले त्यो पनि कम भएको छ ।'

सिँचाइको अभावमा खेतीयोग्य जमिन बाँझिदै जाँदा स्थानीयको आयआर्जनको स्रोत पनि बन्द भएको उनको भनाइ छ । सम्बाहाम्फेकाअनुसार अहिले उत्पादन हुन छाडेपछि दाउरा र पानीबाहेक सबै किनेर खानुपर्ने अवस्था छ । उनका अनुसार सिँचाइको अभावमा शिवाढोभानमा पर्ने फिदिम नगरपालिका–४ सरखण्डे, फिदिम–९ लुम्फाबुङ र कुम्मायक–४ रानीगाउँका खोला आसपासका खेत बाँझिएका छन् ।

कुम्मायक गाउँपालिका–४ का वडाध्यक्ष फगेन्द्रकुमार सम्बाहाम्फेले निर्माण कम्पनीले समयमै काम नगर्दा समस्या भएको बताउछन । सिँचाइ कुलो मर्मतका लागि चालु आर्थिक वर्ष २०८१÷८२ मा कुम्मायक गाउँपालिकाले दुई लाख ५० हजार रुपैयाँ विनियोजन गरेको थियो । यद्यपि काम भने नभएको उनको भनाइ छ ।रासस

# चन्दा सङ्कलन गरी २७ किलोमिटर पदमार्ग निर्माण



**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–५ को धार्मिक पर्यटकीयस्थल खयरबाराही (खयरभारानी) ताल जोड्न पदमार्ग निर्माण भएको छ ।

एक करोड ७० लाख रुपैयाँ चन्दा सहयोग जुटाएर उक्त पदमार्ग निर्माण गरिएको हो ।

खयरभारानी थान तथा क्षेत्र संरक्षण साथै व्यवस्थापन समितिको अगुवाइमा १० वर्षमा पाउद्धार गाउँदेखि लरेनी–खोप्रा (खोपारा), खयरखोला हुँदै खयरबाराही ताल जोड्ने पदमार्गको साथै चौतारी निर्माण र खानेपानीको सुविधा पुऱ्याइएको हो ।

समितिका संस्थापक राजु पुनले पाउद्धार र छिमेकी गाउँबासी तथा भक्तजनहरुले दिवङ्गत आफन्तको स्मृतिमा पदमार्ग र चौतारी निर्माण गरेको जानकारी दिए । सेवा निवृत्त बेलायती गोर्खा सैनिक पुनको अगुवाइमा विसं २०७२ देखि पाउद्धार–खयरभारानी ताल जोड्ने पदमार्ग निर्माण अभियान थालिएको थियो ।

'दिवङ्गत आफन्तको नाममा चौतारा र बाटो बनाउने पुरानो चलनलाई धार्मिक पर्यटनसँग जोड्ने हाम्रो प्रयासमा स्थानीयवासीको साथै खयरबाराहीमा पूजाआजा गर्न आउने अन्य ठाउँका भक्तजनले साथ दिनुभएको छ', पुनले भने, '१० वर्षमा ६७ जनाले गर्नुभएको रु एक करोड ७० लाख सहयोगमा २७ दशमलव पाँच किलोमिटर पदमार्ग निर्माण भएको छ ।'

सत्र जना दाताको सहयोगमा पाउद्धार–लरेनी खण्डमा चार दशमलव पाँच किलोमिटर, २३ जनाको सहयोगमा लरेनी–खोप्रा खण्डमा ११ किलोमिटर र २७ जनाको सहयोगमा खोप्रा–खयर खण्डमा १२ किलोमिटर पदमार्ग निर्माण भएको उनको भनाइ छ ।

भिरालो पाखामा ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण भएपछि स्थानीयवासी, भक्तजन र पर्यटकहरुलाई आवतजावतमा सहज भएको पाउद्धारका बासिन्दा हरिप्रसाद तिलिजाले बताए । दाताको सहयोगमा विभिन्न ठाउँमा आश्रयस्थल र खानेपानीको व्यवस्था मिलाइएको छ ।

अन्नपूर्ण र बराह शिखर हिमालको काखमा रहेको खयर ताल र ताल परिसरमा रहेको प्रसिद्ध धार्मिकस्थल खयर भारानी थानलाई लक्षित गरेर पर्यटन पूर्वाधार निर्माण गरिएको छ । गाउँमा नभएका दाताहरुले समितिको सहजीकरणमा स्थानीय मजदुर परिचालन गरेर पदमार्ग र पूर्वाधार बनाउने गरेका छन् । पदमार्ग र चौतारामा निर्माणकर्ताको विवरण खुलाएर शिलालेख राखिएको छ ।

अन्नपूर्ण गाउँपालिका–५ का वडाध्यक्ष राजेश तिलिजा पुनले खोप्रा, खयर क्षेत्रको पर्यटन पूर्वाधार निर्माणमा सरकारी निकायको तुलनामा समुदायको बढी लगानी भएको बताए । सो क्षेत्रको पूर्वाधार निर्माणमा पर्यटन तथा उद्योग कार्यालयमार्फत पछिल्लो दुई वर्षयता रु ३२ लाख, अन्नपूर्ण गाउँपालिकाबाट करिब २० लाख बजेट खर्च भएको छ ।

स्थानीयवासीले 'खयरभारानी' भन्ने खयरबाराही तालमा जनैपूर्णिमा पर्वमा विशेष मेला लाग्ने गर्छ । खयरभारानीमा जनैपूर्णिमाका दिन पूजाआजा र दर्शन गरेमा मनोकाक्षा पूरा हुने र आटे, मागेको पूरा भएपछि बली चढाउने चलन छ ।

जनैपूर्णिमाका दिन करिब एक हजार दुई सय जना भक्तजन खयरबाराही पुग्ने गर्छन् ।

जनैपूर्णिमा बाहेकका दिनमा ताल र यस क्षेत्रको अवलोकनका लागि पर्यटकहरु पुग्ने गर्छन् । पाउद्धारदेखि खयर जाने बाटोमा पर्ने खोप्रा लेक पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास भएको छ । समुन्द्री सतहदेखि तीन हजार छ सय ६० मिटर उचाइको खोप्रा लेकबाट धौलागिरि, अन्नपूर्ण हिमश्रृङ्खला, पहाडी भूगोल, सूर्योदय र सूर्यास्तको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ ।

पर्यटन क्षेत्रमा खोप्राको नामले चिनिएको यो ठाउँलाई स्थानीयवासी 'खोपारा' भन्ने गर्छन् । खोप्रामा पाउद्धार सहकारी संस्थाले सामुदायिक लज सञ्चालन गरेको छ । चौरी र भेडाबाख्राको घुम्ती गोठ पनि खोप्रा, खयर क्षेत्रको आकर्षण हो । पाउद्धारदेखि एक दिनमा खोप्रा र दुई दिनको पैदलयात्रामा खयरबाराही तालमा पुग्न सकिन्छ ।रासस

# देशका कुनाकाप्चासम्म शिक्षाको पहुँच पुऱ्याउनु चुनौती: सभापति देउवा



**काठमाडौं ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले देशका कुनाकाप्चासम्म शिक्षाको पहुँच पु¥याउनु चुनौती रहेको बताएका छन् ।

बुधबार काठमाडौंमा गुणस्तरिय शिक्षाका लागि महाअभियान राष्ट्रिव्यापी शैक्षिक सांगितिक यात्रा नामक आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षालाई उच्च प्राथमिकतामा नराख्ने हो भने विद्यार्थीले सीप सिकेर रोजगारी प्राप्त गर्न नसक्ने स्पष्ट पारे। उनले सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नुका साथै सुविधा पनि विस्तार गर्नुपर्ने खाँचो औँल्याए ।

दुर्गम ठाउँमा भौतिक पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । शैक्षिक सचेतनामूलक कार्यक्रमका माध्यमबाट शिक्षामा नवप्रवर्तन, सिकाई सामग्री, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि, विद्यार्थीका लागि खेल सामग्री व्यवस्थापन, अनुशासन जस्ता विषयमा ध्यान दिनसके समग्र मुलुककै शिक्षामा परिवर्तन हुने विश्वास उनले व्यक्त गरे ।

'सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नुका साथै सुविधा पनि विस्तार गर्नुपर्ने खाँचो छ । दुर्गम ठाउँमा भौतिक पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ । शैक्षिक सचेतनामूलक कार्यक्रमका माध्यमबाट शिक्षा नवप्रवर्तन, सिकाई सामग्री, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि, विद्यार्थीका लागि खेल सामग्री व्यवस्थापन, अनुशासन जस्ता विषयमा ध्यान दिनसके समग्र मुलुककै शिक्षामा परिवर्तन हुन्छ ' उनले भने ।

# काठमाडौं नगर सभाको १७ औँ अधिवेशनबाट दुई वटा विधेयक स्वीकृत




**काठमाडौं ।**
काठमाडौं महानगरपालिका नगर सभाको १७ औँ अधिवेशनको दोस्रो बैठकले नगरसभा सञ्चालन सम्बन्धी कार्यविधि ऐन २०७५ को दफा १६ बमोजिम दुई वटा विधेयक स्वीकृत गरेको छ ।

बुधबार भएको उक्त बैठकले काठमाडौं महानगरपालिका राजस्व विधेयक २०८२ र काठमाडौं महानगरपालिका सम्पदामैत्री भवन संरक्षण एंव निर्माण मापदण्ड सहुलियत विधेयक २०८२ स्वीकृत गरेको नगर प्रमुख बालेन शाहले जानकारी दिएका छन् ।

यसको साथै, उनले आज नगरसभामा प्रस्तुत भएका ९ वटा कार्यसूची मध्य, कार्यसूची नम्बर १, २, ३, ४, ८ र ९ मा भएको प्रस्तावहरु संशोधन सहित पारित भएको र प्रस्ताव नम्बर ५, ६ र ७ पेश मात्र भएको घोषणा गरेका छन् ।

# कर्णाली प्रदेशको अनुगमन गरी तयार गरेको प्रतिवेदन समितिमा पास




**काठमाडौं ।**
बुधबार बसेको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिले कर्णाली प्रदेशको अनुगमन गरी तयार गरेको प्रतिवेदनलाई पास गरेको छ ।

आज बसेको समितिको बैठकले अनुगमन पास गरी प्रतिवेदन प्रधानमन्त्री र सम्वन्धित मन्त्रालयहरुमा समेत कार्यान्वयन गर्न पठाउने निर्णय गरेको हो ।

समितिका सभापति ठाकुर प्रसाद गैरले भने, 'कर्णाली प्रदेशको दैलेख, कालिकोट, जुम्ला र मुगुमा मुख्यरुपमा शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, विद्युतिकरण र पूर्वाधारका विषयमा केन्द्रित भएर नेपाल सरकारले अवलम्वन गरेको नीति, कार्यक्रम र त्यसको कार्यान्वयनको अवस्था के छ भने समितिको तर्फबाट अनुगमन गरेका थियौँ । त्यहाँ शिक्षा, स्वास्थ्य, खानेपानी लगायतको अवस्था कस्तो छ भनी प्रतिवेदन बनायौँ त्यो पारित भएको छ ।'

उनले कर्णाली प्रदेशमा खानेपानीको योजनासहित अन्य योजनाहरु पनि अलपत्र परेको बताए ।

'त्यसलाई हामी प्रधानमन्त्री र सम्वन्धित मन्त्रालयहरुमा समेत प्रतिवेदन अनुसार कार्यान्वयन गर्न पठाउने निर्णय भएको छ ।

कर्णाली प्रदेशमा खानेपानीको योजना परेको तर अलपत्र अवस्थामा रहेको, सबै ठाउँमा विद्युतीकरण पुग्न नसकेको र पुगेको ठाउँमा पनि नियमित र प्रर्याप्त नभएको त्यसैगरी सडक पूर्वाधार क्षेत्र सबै पालिकाहरुसँग पहुँच नपुगेको बनेका सडकहरु सम्पन्न नभएको स्थिती रहेको छ,'उनले भने ।

# नेपालमा लगानी र सम्भावनाको क्षेत्रले केही आशा देखियो: मन्त्री भण्डारी



**काठमाडौं ।**
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले नेपालमा आयातलाई प्रतिस्थापन गर्ने तहको सम्भावनाहरु भएको बताएका छन् ।

बुधबार काठमाडौंमा आयोजित महत्वपूर्ण व्यवसायिक व्यक्तिको सम्मान एवं सुशोभन समारोहमा उनले पछिल्लो समय लगानी र सम्भावनाको क्षेत्रले केही आशा देखाएको भन्दै अब नेपाली वस्तुलाई निर्यात गर्ने र आयातलाई प्रतिस्थापन गर्ने तहमा अगाडि बढ्ने बताए ।

उनले भने, 'हाम्रो उत्पादनले बजार पाउने कुरामा समस्या छ, उद्योगहरुले जटिल अवस्थामा उद्योग सञ्चालन गरिरहेका छन् । र त्यसको बजार नेपाली बजार मात्र होईन, अन्तराष्ट्रिय बजार पनि हुनुपर्छ तर हामीले सामान निर्यात गर्न धेरै जटिलताहरु छन् । हामी सबैभन्दा बढि यसमा केन्द्रीत भएर लागि रहेका छौ । आज हाम्रो लगानी, सम्भावनाको क्षेत्रले केही आशा देखाएको छ । हामी अब वस्तुलाई निर्यात गर्ने तह्मा, आयातलाई प्रतिस्थापन गर्ने तह्माहाम्रासम्भावनाहरुछन् ।'

उनले व्यवसायीहरुको आशा र अपेक्षालाई पूरा गर्ने गरि मन्त्रालयले काम गर्ने तयारी गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

यस्तै, उनले नेपालको अर्थतन्त्रमा समस्या आईरहेको बेलामा पनि सफलतापूर्वक व्यापार व्यवसाय गर्ने सबैलाई धन्यवाद दिदैँ सम्मानित भएका व्यक्तित्वहरुलाई आगामी यात्रा र सफलताको लागि शुभकामना पनि दिएका छन् ।

# बेनीको शिरमा 'रावण पार्क'



**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–५ पछैमा रावण पार्क निर्माण अन्तिम चरणमा पुगेको छ ।

परापूर्वकालमा ऋषिमुनिले तपस्या गरेर ज्ञानआर्जन गर्न प्रयोग गर्ने 'पछै' जिल्ला सदरमुकाम बेनी बजारबाट उत्तर पश्चिमतर्फको डाँडामा अवस्थित छ । ढलोट धातुको २१ फिट अग्लो रावणको मूर्तिमा १० वटा टाउको, जनै राख्ने र सरसफाइ गर्नेबाहेक सबै काम सकिएको छ ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले करिब ९४ प्रतिशत भौतिक प्रगति भएको रावण पार्क आगामी असोजमा सम्पन्न गर्ने लक्ष्यसहित ठेक्काको म्याद थप गरिएको जानकारी दिए ।

'चार रोपनी क्षेत्रफलमा निर्मित पार्कमा घेराबार, प्रवेशद्वार, पदमार्ग निर्माण, स्लेट बिछ्याउने, दुवो रोपेर संरचना तयार गरिएको छ', उनले भने, 'ऋषिमुनि मन्दिर, हवन कुण्ड, रावणको नाभि गाडिएको भनिने स्थानलाई यथावत् संरक्षण गरी रावणको मूर्तिसहित बगैँचा, विश्रामस्थल, घेरबार र जमिन संरक्षणलगायत पूर्वाधार निर्माण भएका छन् ।'

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटनउपज विकास साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयको ७० र बेनी नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा आर्थिक वर्ष २०७६÷७७ देखि रावणको मूर्तिसहित पार्क निर्माण थालिएको थियो ।

नगरपालिकाले मन्त्रालयमा नियमित प्रतिवेदन बुझाउन नसक्दा आर्थिक वर्ष २०७९/८० र आव २०८०/८१ मा बजेट व्यवस्थापन हुन नसकेपछि निर्माण व्यवसायी पनि पन्छिन खोजेका भन्दै नगरप्रमुख केसीले ४४ महिनासम्म निर्माण रोकिएको उल्लेख गरे ।

दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७७ फागुनमा धर्म एस कास्यप जेभीले रु एक करोड ७६ लाखमा ठेक्का सम्झौता गरेको रावण पार्क निर्माणले गत फागुनदेखि गति लिएको थियो । लामो समय र धेरै प्रयासपछि बजेट व्यवस्थापन गरेर विसं २०७८ असारदेखि रोकिएको निर्माणलाई नियमित रूपमा फर्काएर अन्तिम चरणमा पु¥याइएको बेनी–५ का वडाध्यक्ष गोविन्द बानियाँले बताए ।

उनका अनुसार हिन्दू धर्मग्रन्थ रामायणका पात्र पुलह, पुलत्य ऋषिको तपोभूमि पछैमा रावण जन्मिएका र उनको नाभि गाडेको ठाउँमा राखिएको शिला अझै सुरक्षित छ । पुलह आश्रम १४ रोपनी क्षेत्रफलमा फैलिएको बताउँदै उहाँले यहाँ पार्क निर्माण सम्पन्न भएर सञ्चालनमा आएमा पर्यटन प्रवद्र्धन हुने विश्वास व्यक्त गरे ।

समुद्री सतहबाट दुई हजार मिटर उचाइमा अवस्थित रावण पार्क निर्माण स्थल पछैबाट धौलागिरि, नीलगिरि, अन्नपूर्ण हिमशृङ्खला, सूर्योदयको मनोरम दृश्यका साथै म्याग्दी र कालीगण्डकी नदी दोभानमा अवस्थित बेनीसहित जिल्लाका अधिकांश भूगोलको दृश्यावलोकन गर्न सकिन्छ ।

यहाँ पुलह, कपिल र जडभरत ऋषिले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता छ । रामायणको पाँचौँ अध्यायमा रावणको जन्म पछैमा भएको उल्लेख छ । पुलह, पुलत्स्य र भरत ऋषिले पछैमा तपस्या गरेको रामायणमा व्याख्या गरिएको छ । विसं २०६६ मा म्याग्दी उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष प्रमोदकुमार श्रेष्ठसहितका व्यक्तले धार्मिक पर्यटकलाई लक्षित गरेर बेनीमा उद्यान बनाउने योजनाको परिकल्पना गर्नुभएको थियो ।

विसं २०७४ देखि बजेट विनियोजन गरे पनि ठाउँको विवाद र स्रोतको अभावका कारण रामायण उद्यानको योजना कार्यान्वयन हुन सकेको थिएन । मुक्तिनाथ प्रवेशद्वार गलेश्वर, पुलाचौरको पछै, जगन्नाथ र टोड्के क्षेत्रलाई समेटेर धार्मिक कोरिडोर बनाउने योजना पनि अघि सारिएको छ । बेनी बजारबाट गाडीमा ३० मिनेट यात्रा गरेपछि पछै पुग्न सकिन्छ । बेनी अर्थुङ्गे, बाँसबोट, एकपाटे हुँदै पुरुण्डीसम्मको सडक कालोपत्रे भएको छ । पुरुण्डीबाट करिब दुई किलोमिटर कच्ची सडकको यात्रापछि पछै पुगिन्छ ।रासस

# समयमा काम नसक्ने ठेकेदारलाई दैनिक दुई लाख हर्जाना

**काठमाडौँ ।**
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान स्तरोन्नति गरी प्यारापिट बनाउने र फ्लडलाइट हाल्ने काम नसक्ने ठेकेदार कम्पनीलाई हर्जना लगाइएको छ । तोकिएको मितिमा पनि काम सम्पन्न नभएपछि ठेकेदार कम्पनीलाई पूर्ववत् सम्झौताअनुसार क्षतिपूर्ति तिराइएको हो ।

सम्झौताअनुसार आयोजनाको कूल रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत दैनिक हर्जना तिर्नुपर्नेछ । दैनिक दुई लाख रुपैयाँ भन्दा बढी क्षतिपूर्तिबापत रकम दिनुपर्ने सहरी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले मैदानको प्यारापिट बनाउन बिकेओआई केसिडिसी बिजीको जोइन्ट भेन्चर कम्पनी (जेभी) र फ्लडलाइट जडानका लागि विशन ईश्वरी जेभीले गत फागुन १९ र २२ गते मन्त्रालय मातहतको सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयसँग सम्झौता गरेको जानकारी दिए । 'प्यारापिट बनाउन ४९ करोड २५ लाख रुपैयाँ र फ्लडलाइट जडानका लागि ४७ करोड ३७ लाख रुपैयाँ मा सम्झौता भएको थियो', उनले भने ।

सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कंठले यही असार ३० गते ठेकेदार कम्पनीलाई निर्धारित समयमा काम नसकेपछि हर्जना लाग्ने जानकारी गराइसकिएको बताए । 'असार ३० गते निर्माण कम्पनीलाई पूर्वनिर्धारित क्षतिपूर्ति (हर्जना)बारे जानकारी गराइसकेका छौँ । मङ्गलबारदेखि उहाँहरूले दैनिक हर्जना तिरेर काम गरिरहेका छन । काम नसक्दासम्म दैनिक हर्जना लाग्नेछ', उनले भने, 'यसरी हर्जना तिरेर बढीमा २०० दिनसम्म अर्थात् आयोजनाको कूल रकमको १० प्रतिशत हर्जना हुने अवधिसम्म काम गर्न पाइने कानुनी व्यवस्था छ । सो अवधिमा पनि काम नसके निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने व्यवस्था छ ।'

निर्माण कम्पनीले एक महिनामा काम सक्ने प्रतिवद्धता जनाएको कंठले जानकारी दिए । उनका अनुसार चार हजार कुर्सी जडान भइसकेका छन् भने छ वटा फ्लडलाइटमध्ये तीन वटा पोल आइसकेका न्छ ।

प्यारापिटतर्फ वित्तीय प्रगति ६३ प्रतिशत र भौतिक प्रगति ७७ प्रतिशत भएको छ । फ्लडलाइट जडानतर्फ २९ प्रतिशत वित्तीय र ४५ प्रतिशत भौतिक प्रगति भएको कंठले जानकारी दिए । रासस

# खडेरीले चुलिएको संकट टार्न मधेशमा वारुणयन्त्रबाट पानी वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समयदेखि परेको खडेरीका कारण मधेश प्रदेशमा चर्किएको खानेपानी संकट टार्न प्रदेश सरकारले वारुणयन्त्र परिचालन गरेको छ । प्रदेश सरकारको अगुवाइमा बारा, पर्सालगायत जिल्लामा बस्ती–बस्तीमा पानी वितरण थालिएको हो । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले बुधबार बिहान प्रदेश सरकारको स्वामित्वमा रहेका ८ वटा वारुणयन्त्र नेपाली सेनाको जिम्मामा खटाएका हुन् । उक्त वारुणयन्त्रहरू असार मसान्तमा गृह, सञ्चार तथा कानुन मन्त्रालयले खरिद गरी जनकपुरमा राखिएको थियो ।




खानेपानीको चरम अभाव भएका ठाउँमा तत्काल राहत पुर्याउने उद्देश्यले ती गाडीहरू परिचालन गरिएको मुख्यमन्त्री सिंहको भनाइ छ । 'लामो समयदेखि पानी नपर्दा जनता हैरान छन्, प्रदेश सरकार यो संकटमा नागरिकसँगै छ,' मुख्यमन्त्री सिंहले भने, 'वारुणयन्त्रमार्फत तत्काल पानी वितरण गरिरहेका छौं, संघीय सरकारसँग पनि छलफल भइरहेको छ ।' मंगलबार साँझ उनले संघीय खानेपानी मन्त्री प्रदीप यादवसँग भेट गरी आपतकालीन समाधान र दीर्घकालीन विकल्पबारे कुराकानी गरेको बताएका छन् । मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेश झाले दिएको जानकारी अनुसार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय अनुसार ५ हजार लिटर क्षमताका ८ वटा वारुणयन्त्र तत्काल अति प्रभावित क्षेत्रमा पठाइएका छन् । यी गाडीहरू २४सै घण्टा खटिने गरी परिचालन गरिएको छ । पानी अभाव टार्न प्रदेश सरकारको वारुणयन्त्रसँगै नेपाली सेनाका ७ वटा ट्यांकर र वन कार्यालयका ३ वटा गाडी पनि पानी वितरणमा प्रयोग भइरहेको छ । अन्य जिल्लामा पनि चापाकल सुकेर स्थानीयहरू दैनिक खानेपानीका लागि संघर्षरत छन् । यस्तो अवस्थामा सरकारको यो कदम तत्कालीन राहतका रूपमा देखिएको छ । प्रदेश सरकारले वारुणयन्त्रको इन्धन र सञ्चालनको सम्पूर्ण व्यवस्था गर्ने जनाएको छ । प्रभावित क्षेत्रमा खानेपानीको पहुँच सहज बनाउँदै जनस्वास्थ्य संकटबाट जोगाउन सरकारका प्रयासलाई स्थानीय तह र संघीय तहसँग समन्वयमा अगाडि बढाइने मुख्यमन्त्री सिंहको भनाइ छ ।

# धनुषा जिल्ला अदालतबाट झण्डै ५७ प्रतिशत मुद्दा फछ्र्यौट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्ला अदालतले आर्थिक वर्ष २०८१÷०८२ मा कुल ५६.८९ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ । अदालतमा दर्ता भएका नयाँ तथा पुराना गरी जम्मा ९ हजार ९ सय ३२ मुद्दामध्ये ५ हजार ६ सय ४९ वटा मुद्दाको फछ्र्यौट भएको हो । जिल्ला अदालतका प्रमुख जिल्ला न्यायाधीश चुडामन खड्काले बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिँदै भने, 'वार्षिक रूपमा ६५



प्रतिशत मुद्दा फछ्र्यौट गर्ने लक्ष्य रहेपनि अपेक्षाभन्दा बढी नयाँ मुद्दा दर्ता भएकाले लक्ष्य अनुसारको परिणाम आउन सकेन ।' उनका अनुसार अदालतमा जिम्मेवारी सरेर आएका ४ हजार १ सय ७९ र आर्थिक वर्षमा नयाँ दर्ता भएका ५ हजार ५ सय ८४ मुद्दा मिलाएर ९ हजार ९ सय ३२ मुद्दा रहेका थिए । हाल अदालतमा अझै ४ हजार २ सय ८२ मुद्दा बाँकी छन् । त्यसमध्ये १८ महिना पुराना २ हजार ७८ मुद्दामध्ये १ हजार ८ सय ३९ को फछ्र्यौट भइसकेको छ भने अब २ सय ३९ मात्र बाँकी रहेका छन् । त्यसैगरी, दुई वर्ष पुराना १ हजार १ सय ४६ मुद्दामध्ये १ हजार ४७ को फछ्र्यौट भएको र ९९ मुद्दा बाँकी रहेको अदालतले जनाएको छ । पारिवारिक इजलासमा दर्ता भएका ५ सय ८२ मुद्दामध्ये ३ सय ६ वटा फछ्र्यौट भइसकेका छन् भने २ सय ७६ अझै बाँकी छन् । वाल इजलाससम्बन्धी १ सय ८१ मुद्दामध्ये १ सय २८ को फछ्र्यौट भइसकेको छ भने ५३ बाँकी रहेका छन् । देवानी मुद्दा तर्फ अदालतमा ४ हजार १ सय ७१ मुद्दा रहेका छन् । त्यसमा सर्वाधिक २ हजार ४ सय १ लेनदेन सम्बन्धी छन् । त्यसपछि अंशबन्डा ७४८, सम्बन्धविच्छेद ३१४, माना चामल ४५ र नाता कायम २३ मुद्दा छन् । सरकारवादी फौजदारी मुद्दा अन्तर्गत ७ सय ४६ मुद्दा रहेका छन् । त्यसमा बैंकिङ्ग कसुर १ सय ३१, करणी ६३ र बहुविवाह तथा बालविवाह सम्बन्धी २२ मुद्दा छन् । यता, दुनियाँवादीतर्फ चेक अनादरका ३ सय ४३ मुद्दा रहेका छन् भने घरेलु हिंसा, गाली बेइज्जतीजस्ता सामाजिक मुद्दाहरू १ हजार ५ सय ३९ रहेका छन् । न्यायाधीश खड्काका अनुसार अदालतले सीमित स्रोतसाधन र जनशक्ति भएतापनि सम्भव भएसम्म समयमै न्याय पुर्याउने प्रयास जारी राखेको छ । अदालतले न्यायिक सेवाको प्रभावकारिता बढाउन प्राविधिक सुधार र व्यवस्थापकीय सहयोगको खाँचो रहेको समेत औँल्याएको छ ।

# पानी संकटमा सरकार असंवेदनशीलः प्रभु साह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीमाथि एउटै प्रकरणमा संलग्न दुई मन्त्रीमध्ये एकलाई मात्र राजीनामा गराई अर्कोलाई जोगाउने गरी विभेदपूर्ण व्यवहार गरेको आरोप लगाएका छन् । बुधबार सिंहदरबारस्थित आजपाको संसदीय दलको कार्यालयमा सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष साहले पूर्व सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई सोही घटनामा राजीनामा गराइए पनि सहकारी मन्त्री बलराम अधिकारीलाई प्रधानमन्त्रीले संरक्षण दिएको दाबी गरे । 'प्रधानमन्त्रीले एउटै घटनामा संलग्न एक मन्त्रीलाई हटाउनुभयो तर अर्कोलाई जोगाइरहनुभयो,' साहले भने, 'यस्तो विभेदपूर्ण कारबाही न्यायसंगत होइन ।' साहले मुलुकभरि फैलिएको पानीको अभावबारे पनि सरकार असंवेदनशील रहेको आरोप लगाए ।

उनले काठमाडौं उपत्यकाका सुकुम्बासी बस्तीदेखि तराई–मधेशका इनार र चापाकलसमेत सुक्न थालेको अवस्थामा सरकारले प्रभावकारी कदम नचालेको गुनासो गरे । 'प्रकृतिले दिएको हावापानी सबैको साझा हो, त्यसमा भेदभाव हुँदैन,' साहले भने, 'तर विदेशी मिनरल वाटर पिउने प्रधानमन्त्री नेपाली जनतालाई सामान्य खानेपानीबाट समेत वञ्चित गर्दै हुनुहुन्छ, जुन मानवता विरोधी हो ।' अध्यक्ष साहले काठमाडौंको त्रिपुरेश्वरस्थित काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) कार्यालयअगाडि धर्नामा बसेका सुकुम्बासी तथा अव्यवस्थित बस्तीका बासिन्दाको आन्दोलनप्रति समर्थन जनाउँदै सरकार गम्भीर नबने स्थिति विस्फोटक हुन सक्ने चेतावनी दिए । उनले जनताको आधारभूत आवश्यकताप्रति सरकार गम्भीर नभएको र यस्ता व्यवहारले शासन प्रणालीप्रति जनआस्था कमजोर बन्न सक्ने दाबीसमेत गरे ।

# प्रेम विवाहपछि ६० लाख दाइजोको दबाब, पत्नीलाई यातना

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको अर्नमा गाउँपालिका–२ ब्रम्हपुरीका एक युवकले प्रेम विवाहपछि आफ्नी श्रीमतीमाथि दाइजोको नाममा अमानवीय यातना दिएको घटना सार्वजनिक भएको छ । ललितपुरमा सिभिल इन्जिनियरिङ अध्ययनरत २४ वर्षीय मुकेश प्रधान सुडीले विवाहपूर्व दाइजो नलिने वाचा गरे पनि विवाहपछि पत्नीमाथि ६० लाख रुपैयाँ नगद, २० तोला सुन, कार र जग्गाको माग गर्दै मानसिक र शारीरिक यातना दिन थालेको आरोप लागेको छ । पीडित मनीषा कुमारी गामीले दाइजोको नाममा यातना दिइएको भन्दै २०८२ जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन् । जाहेरीमा उनले श्रीमान् मुकेशसँगै ससुरा गौरीशंकर प्रधान सुडी र सासु ललिता कुमारी प्रधान सुडीविरुद्ध कानुनी कारबाहीको माग गरेकी थिइन् । मनीषाका अनुसार विवाहको समयमा उनका बुवाले १० लाख नगद र झन्डै ७ लाख रुपैयाँ बराबरको सामान दिएका थिए । तर, त्यति रकमले पुग्दैन भन्दै श्रीमान र उनका परिवारले थप रकम र सम्पत्ति माग गर्न थालेपछि सहन नसकेर उनले प्रहरीमा उजुरी दिनुपरेको बताएकी छन् । जिल्ला अदालत सिरहामा दर्ता भएको मुद्दामा प्रहरी अनुसन्धानपछि तीन जनालाई प्रतिवादी बनाइएको छ । तीमध्ये ४८ वर्षीया ललिता कुमारी प्रधान सुडीलाई पक्राउ गरेर अनुसन्धान गरिएको थियो ।

अदालतको आदेशमा उनी १ लाख धरौटीमा रिहा भएकी छन् । तर, मुकेश र उनका बुवा गौरीशंकरविरुद्ध अदालतले पक्राउ पुर्जी जारी गरे पनि उनीहरू अहिलेसम्म फरार छन् । प्रहरीले खोजी कार्य तीव्र बनाएको जनाएको छ । मनीषा र मुकेशबीच प्रेम विवाह भएको थियो । 'विवाहअघि मुकेशले दाइजो लिन्न भनेका थिए,' मनीषाले भनिन्, 'तर, अहिले दाइजो माग्दै यातना दिइरहनु भएको छ ।' उनका अनुसार बारम्बार अपमान र दबाब सहन नसकी कानुनी बाटो रोज्नुपरेको हो । मुलुकी अपराध संहिता २०७४ को दफा १७४ अनुसार दाइजो माग्न, दिन वा लिनु दण्डनीय अपराध हो । यस्ता मुद्दामा कानुनी सजाय मात्र नभई सामाजिक चेतनाको आवश्यकता पनि उत्तिकै रहेको कानुनी विशेषज्ञहरू बताउँछन् ।

# जसपाले फिर्ता लियो संघीय सरकारलाई दिएको समर्थन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले संघीय सरकारलाई दिएको समर्थन औपचारिक रूपमा फिर्ता लिएको छ । बुधबार बसेको संसदीय दलको बैठकले समर्थन फिर्ता गर्ने निर्णय गरेपछि सत्तारूढ गठबन्धनको राजनीतिक गणितमा चुनौती थपिएको विश्लेषण गरिएको छ । पार्टीका प्रचार, प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले बैठकको निर्णयबारे जानकारी दिँदै यसअघि नै कार्यकारिणी समितिबाट सैद्धान्तिक निर्णय गरिसकेको समर्थन फिर्ता गर्ने निर्णय अब औपचारिक रूपमा कार्यान्वयनमा आएको स्पष्ट पारे । जसपाले भूमि सम्बन्धी विधेयकमा प्रस्तुत प्रावधानप्रति असहमति जनाउँदै आएको छ । पार्टीले उक्त विधेयकले मधेशका सुकुम्बासी, भूमिहीन र सीमान्तकृत समुदायको अधिकारमाथि ठाडो प्रहार गर्ने ठहर गरेको छ । जसपाले बारम्बार भूमि नीतिमा संघीयता विरोधी सोच देखिएको भन्दै प्रदेश सरकारको भूमिका सुनिश्चित गर्नुपर्ने अडान राख्दै आएको थियो । प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख प्रतिपक्षी नेता शेरबहादुर देउवासँग जसपाका नेताहरूको पछिल्ला संवाद पनि विधेयक, सत्ता साझेदारी र मधेश केन्द्रीत मागहरूबारे केन्द्रित थिए । तर, संवादबाट सहमति नजुटेपछि पार्टीले स्पष्ट रुपमा सरकारसँगको सम्बन्ध तोडेको हो । संसद्मा विश्वासको मत, विधेयक पारितजस्ता राजनीतिक प्रक्रियामा जसपाको समर्थन निर्णायक हुन सक्ने अवस्था थियो । समर्थन फिर्तापछि सरकारलाई बहुमतको रणनीति पुनःगठन गर्नुपर्ने अवस्था आउन सक्ने देखिन्छ । यद्यपि, समर्थन फिर्ताले तत्काल सरकार ढल्ने खतरा नदेखिए पनि प्रतिपक्षी गठबन्धन सुदृढ हुँदै गएको संकेत भने पाइएको छ । मधेश केन्द्रीत मुद्दामा स्पष्ट अडान लिँदै आएको जसपा पछिल्ला दिनहरूमा आन्तरिक रणनीतिक पुनरावलोकनमा लागेको देखिन्छ । नागरिकता र भूमि विधेयकजस्ता संवेदनशील विषयमा कुनै सम्झौता नगर्ने पार्टीको निर्णयले आगामी गठबन्धन निर्माण र कूटनीतिक अभ्यासमा उसलाई स्वतन्त्र ढंगले अगाडि बढ्न सजिलो बनाउने देखिन्छ ।

# मधेश प्रदेश सभाको पाँचौं अधिवेशन अन्त्य




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको पाँचौं अधिवेशन औपचारिक रूपमा अन्त्य गरिएको छ । प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसपछि प्रदेश प्रमुखले संविधानको धारा १८३ को उपधारा (२) बमोजिम चालु अधिवेशन असार ३२ गते राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गरेकी हुन् । प्रदेश प्रमुखको कार्यालय जनकपुरधामले एक विज्ञप्ति जारी गर्दै प्रदेश सभाको चालु अधिवेशन समाप्त भएको जानकारी गराएको छ । असार ३२ गतेको मन्त्रिपरिषद् बैठकबाट अधिवेशन अन्त्यका लागि सिफारिस भएको थियो । सोही सिफारिसका आधारमा प्रदेश प्रमुखले बुधबार रातिबाट अधिवेशन अन्त्य गरेको जनाइएको छ । प्रदेश प्रमुखको निर्णयअनुसार, अब पाँचौं अधिवेशनको सबै प्रक्रिया विधिसम्मत रूपमा टुंगिएको छ । संविधानतः मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश सभाको अधिवेशन शुरु तथा अन्त्य गर्ने अधिकार प्रदेश प्रमुखसँग रहने गर्दछ । हालैको अधिवेशनले आर्थिक वर्ष २०८२/०८३ को बजेट पारित गरेपछि विभिन्न राजनीतिक बहस र विरोधका बीचमा टुंगिएको हो । विपक्षी दलहरूले बजेट प्रक्रियामा देखिएको अपारदर्शिता र कार्यक्रम चयनमा सत्तापक्षको एकल निर्णयप्रति आपत्ति जनाउँदै आएका थिए । प्रदेश सचिव शत्रुधन यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा अधिवेशन अन्त्यको निर्णय जानकारीका लागि सार्वजनिक गरिएको छ ।

# कल्याणपुरका नगरप्रमुख घुससहित पक्राउ



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा जिल्लाको कल्याणपुर नगरपालिकाका नगरप्रमुख रामपुकार साह घुस लिँदै गरेको अवस्थामा रंगेहात पक्राउ परेका छन् ।
सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस लिइरहेको गोप्य सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

अख्तियारका अनुसार साहलाई कल्याणपुर नगरपालिका कार्यालयको परिसरमै सेवाग्राहीसँग नगद घुस रकम लिँदै गर्दा पक्राउ गरिएको हो । पक्राउपछि उनलाई थप अनुसन्धानका लागि आयोगको बर्दिबासस्थित कार्यालयमा लगिएको छ । नगरप्रमुख साह नेकपा (एमाले) बाट निर्वाचित जनप्रतिनिधि हुन् । अख्तियारले प्रारम्भिक अनुसन्धानपछि मुद्दा अघि बढाउने तयारी गरेको जनाइएको छ । आयोग स्रोतका अनुसार साहविरुद्ध केही समयदेखि सेवाग्राहीहरूमाथि आर्थिक लेनदेनको दबाब दिएको उजुरीहरू प्राप्त हुँदै आएका थिए । यही सन्दर्भमा अख्तियारले निगरानी बढाएको र अन्ततः प्रमाणसहित नियन्त्रणमा लिएको बताइएको छ ।

# मल तस्करी रोक्दा टायर बालेर प्रदर्शन

**मधेशदृष्टि**
**बारा ।**
भारतसँग सीमा जोडिएको बाराको मटिअर्वा नाकामा मलखाद तस्करीमा कडाइ भएपछि स्थानीयहरूले टायर बालेर विरोध प्रदर्शन गरेका छन् । तस्करी नियन्त्रणलाई लिएर असन्तुष्टि जनाउँदै केही समूहले बुधबार बिहान १० बजेदेखि लगभग ११ बजेसम्म नाकामै प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा टायर बालेर सडक अवरुद्ध गर्ने प्रयास गरिए पनि सुरक्षाकर्मीको सक्रियताले स्थिति नियन्त्रणमा लिइएको बारा प्रहरी प्रमुख सन्तोष तामाङले जानकारी दिए । उनका अनुसार, 'किसानको नाममा भारतबाट मल ल्याएर व्यापारीले बेच्ने काम भइरहेको



थियो । त्यसलाई रोक्दा केही व्यक्तिले विरोध जनाएका हुन् ।' प्रहरीका अनुसार अहिले विवाद सुल्झिसकेको छ । किसानको विवरण अभिलेख राखेर मात्रै मल ल्याउने सहमति भएपछि अवस्था सामान्य भएको जनाइएको छ । स्थानीय प्रशासनले सीमा क्षेत्रमा भइरहेको मलखाद तस्करीमाथि निगरानी कडा बनाएपछि यस्ता प्रतिक्रिया देखिएको हो । कृषिमा अत्यावश्यक मलखादको नाममा भइरहेको अवैध कारोबार रोक्न सुरक्षाकर्मीले नाकामा निगरानी बढाएका छन् । प्रदर्शनपछि सुरक्षा व्यवस्था थप कडा पारिएको र तस्करी नियन्त्रणलाई अझ प्रभावकारी बनाइने प्रहरीको भनाइ छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन